जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १२४ • २०८३ साल आश्विन ५ गते सोमबार (21 September, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## छठपछि मेची-महाकाली पदयात्रा गर्ने सिंहको घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले मेची-महाकाली पदयात्रा गर्ने भएका छन् । छठ पर्वको अर्कोदिनदेखि जनकपुरधामबाट मेची-महाकाली पद यात्रा गर्ने प्रतिनिधिसभा सदस्य सिंहले बताए ।

जनकपुरधाममा आइतबार आयोजित पत्रकार सम्मेलनमा प्रतिनिधिसभा सदस्य सिंहले मधेशलाई थप बुझ्न र मधेशलाई जोड्न पदयात्रा गर्ने बताए ।

उनले भने, 'माता सीताको जन्मभूमि जनकपुरधाममा छठको पारनको दिन गंगासागरमा अर्घ्य दिइ मेची-महकाली पदयात्रा गर्नेछु ।' उनले अघि थप्दै भने, 'मेरो पदयात्राको थिम छ। समाज जोड्नु पर्छ। राजनीति भनेको समाज जोड्नका लागि हो । देशको समृद्धिका लागि हो। यसको लागि पदयात्रा नै एकताको बाटो हुनुपर्छ।'

मधेशमा ६ वटा 'स' शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, सुरक्षा र सरसफाइमा परिवर्तन रहेको उनले बताए ।



प्रतिनिधिसभा सदस्य सिंहले भने, 'पदयात्रा जनताको बीचमा गएर, जनताको कुरा सुन्छु। आफैं कम बोल्छु, जनताको बढी सुन्छु, त्यसक्रममा दैनिक पाँच घण्टा हिँड्छु र ७ घण्टा जनताको कुरा सुन्छु ।'

उनले मधेशी जनताकै अपार सहयोगबाट बनेको वर्तमान सरकारले मधेशलाई खासै प्राथमिकतामा नराखेको उनले गुनासो गरे ।

नेता सिंहले वर्तमान संविधानमाथि आन्तरिक तथा बाह्य विभिन्न शक्तिहरूबाट चौतर्फी प्रहार भइरहेको बताए ।

उनले मुलुकको वर्तमान संविधान असफल भए आगामी १० वर्षसम्म नयाँ संविधान बन्न नसक्ने बताए । कुनै कारणवश वर्तमान संविधान गुमेमा देश गृहयुद्धको चक्रब्यूहमा फस्ने र मधेशले जनयुद्ध तथा मधेश आन्दोलनको जगमा प्राप्त गरेका अधिकार तथा उपलब्धिहरू समेत समाप्त हुने उनको कथन छ ।

केन्द्रको सत्ता सञ्चालन गर्नेहरूले मधेशलाई सधैँ उपेक्षा गरेको उनको आरोप छ । मधेश र कोशी प्रदेशलाई रणनीतिक रूपमा 'ब्याटल ग्राउन्ड' बनाउने दुष्प्रयास भइरहेको समेत उनले बताए ।

### सप्तरी प्रहरीलाई भारी सफलता

## २१ क्वीन्टल बढी गाँजासहित २ जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिकाको वडा नम्बर ६ फत्तेपुर टोलबाट २१ क्विन्टलभन्दा बढी लागुऔषध गाँजासहित दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गोप्य सूचनाका आधारमा आइतबार बिहान जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक प्रमोदकुमार साहको नेतृत्वमा खटिएको प्रहरी टोलीले स्थानीय बासिन्दाको घरमा खानतलासी गर्दा उक्त गाँजा बरामद भएको हो ।

गाँजा भण्डारण गरेको आरोपमा प्रहरीले ७४ वर्षीय भोला सदा र ५६ वर्षीय मंगल मुखियालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक (डीएसपी) हेमराज घिमिरेले जनाएका छन् ।

उनका अनुसार सदाको घरबाट ५६ वटा पोकामा १ हजार ८ सय ३८.८७० किलो र मुखियाको घरबाट ८ वटा पोकामा २ सय ६१.५०० किलो गरी जम्मा २१ क्वीन्टल ३७ किलो गाँजा बरामद गरिएको हो ।

प्रहरीले नियन्त्रणमा लिएका ७४ वर्षीय सदा ज्येष्ठ नागरिक रहेको र उनी स्वयं अवैध गाँजाको कारोबारमा संलग्न भएको विश्वास गरिएको छैन । मुखियाको अवस्थापनि उस्तै रहेको स्थानीयहरुले बताएका छन् ।

प्रहरीको केन्द्रीय समाचारकक्षले जनाए अनुसार आइतबार गाँजा बरामद भएको तर जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाए



अनुसार शनिवार मध्यराती नै गाँजा बरामद गरिएको छ ।

तर, गाँजा कहाँबाट ल्याएर उनीहरुको घरमा राखिएको र ओसारपसारमा अन्य को-को संलग्न रहेको भन्ने विषय खुल्न सकेको छैन ।

पक्राउ परेका व्यक्तिहरूले आर्थिक लोभमा परेर घरमा गाँजा भण्डारण गर्दै आएको स्थानीयहरुले जनाएका छन् । तर प्रहरीले त्यस विषयमा थप अनुसन्धान भइरहेको बताएको छ ।

सप्तरी जिल्लामा विगत वर्षमा कोशी नदीमा डुंगा मार्फत भारत तर्फ गाँजा तस्करी हुने गरेको थियो । प्रहरीले विशेष सुराकको अधारमा डुंगाको चेकजाँच गर्दा भारी परिमाणमा गाँजा बरामद गरेको थियो ।

स्रोतले जनाए अनुसार गाँजा उदयपुर लगायतका पहाडी जिल्लामा उत्पादन हुने र सीमावर्ती जिल्लाहरुबाट भारत तर्फ तस्करी हुने गरेको छ ।भारतको बिहारमा नेपालबाट भारी परिमाणमा गाँजा तस्करी हुने गरेको तथ्यांकले देखाउँछ ।

गाँजाको खेती मकवानपुर जिल्लामा समेत हुने गरेको बताइन्छ । त्यहाँबाट गाँजा तस्करी भएर भारत जाने गरेको छ ।

भारतको बिहार राज्यमा मदिराको सेवन र बिक्रीमा रोक लगाएदेखि गाँजाको सेवन अत्यधिक बढेको छ । नेपालबाट तस्करी हुने गाँजा सीमावर्ती जिल्लाहरुमा नेपाली सुरक्षाकर्मीहरुले बरामद गरेपनि रोकिएको छैन ।

पछिल्लो समयमा भारतीय सुरक्षाकर्मीले समेत गाँजा तस्करी रोक्न विशेष सक्रियता देखाएको छ । भारतीय क्षेत्रमा पनि सुरक्षाकर्मीहरुले गाँजा बरामद गर्न थालेको छ ।

भारत बिहार राज्यको एउटा जिल्ला अदालतले गाँजा सहित पक्राउ परेका दुई जनालाई जनही १० वर्ष श्रमकैद र पचास हजार रुपैया जरिवानाको फैसला गरेको छ । तर पनि गाँजा तस्करी रोकिएको छैन ।

डाकनेश्वरीको फत्तेपुरमा बरामद भएको गाँजाको भन्दापनि बढी परिमाणमा हेटौडा प्रहरीले एकपटक बरामद गरेको थियो ।तत्कालिन एसपी विश्व खड्काको सकृयतामा गाँजा लुकाइएको पेट्रोल टैंकर समेत बरामद गरिएको थियो ।

गाँजा तस्करीमा नेपाल र भारतका ठूलो गिरोहहरु सक्रिय रहेको बताइन्छ। बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, सिरहा र सप्तरी जिल्लाबाट भारी मात्रामा गाँजा तस्करी हुने गरेको बताइन्छ।

हुन त सुरक्षाकर्मीहरुले समेत गाँजा तस्करीको लाइन दिने गरेको आरोप लाग्दै आएको छ । सुरक्षाकर्मीको मिलोमतोमा गाँजा तस्करी सम्भव नभएको बताइन्छ।

सिरहा जिल्लामा तस्करहरुले सशस्त्र प्रहरीका एकजना जुनियर अधिकारीको हत्या गरेको थियो। तस्करी रोक्न सुरक्षाकर्मीहरुलाई ठूलो चुनौति रहेको बताइन्छ। हातहतियारले सुसज्जित तस्करहरुले सुरक्षाकर्मीमाथि आक्रमण समेत गर्न थालेका छन् ।

पछिल्लो केही वर्षदेखि नेपालबाट भारत तर्फ गाँजा र भारतबाट नेपाल तर्फ लागुऔषधको तस्करी व्यापक भइरहेको छ । तस्करी नियन्त्रणका लागि दुवै देशका सुरक्षाअधिकारीहरुले नियमित बैठक गरे पनि अपेक्षाकृत सफलता पाउन नसकेको बताइन्छ।

## विश्व अर्थतन्त्रको जोखिमले नेपाललाई पनि दबाबमा पार्ने संकेत

**टुडे समाचारदाता**

काठमाण्डु । विश्व अर्थतन्त्रले पछिल्ला ठूला आर्थिक तथा भूराजनीतिक झट्का अपेक्षाकृत रूपमा थेग्दै आए पनि आगामी दिनमा थप संकटको जोखिम बढ्दै गएको छ। महँगो ऊर्जा, बढ्दो ऋण, भूराजनीतिक तनाव र विश्वव्यापी आर्थिक अनिश्चितता एकसाथ बढ्दा आयात र विप्रेषणमा उच्च निर्भर रहेको नेपालको अर्थतन्त्रमा त्यसको प्रत्यक्ष तथा अप्रत्यक्ष असर पर्न सक्ने देखिन्छ।

न्युयोर्क टाइम्सले सेप्टेम्बर १७ मा प्रकाशित गरेको विश्लेषणमा इरान युद्धबाट उत्पन्न ऊर्जा झट्काको सबैभन्दा खराब असर धेरै देशले नियन्त्रण गर्न सफल भए पनि ऊर्जा मूल्य उच्च रहनु र विश्व अर्थतन्त्रमा अनिश्चितता बढ्नु जोखिमपूर्ण रहेको उल्लेख गरेको छ । विश्वव्यापी आर्थिक जोखिमलाई नेपालको आर्थिक संरचनासँग जोड्दा ऊर्जा, विप्रेषण, पर्यटन, लगानी र बाह्य क्षेत्र प्रमुख रूपमा प्रभावित हुन सक्ने देखिन्छ।

नेपाल प्रशोधित पेट्रोलियम पदार्थका लागि ठूलो मात्रामा आयातमा निर्भर छ। विश्व बजारमा कच्चा तेल तथा पेट्रोलियम पदार्थको मूल्य बढेमा त्यसको असर नेपालमा पेट्रोलियम पदार्थको मूल्यमा मात्र सीमित हुँदैन।

इन्धन महँगिदा ढुवानी, उद्योग, निर्माण, कृषि तथा दैनिक उपभोग्य वस्तुको लागत बढ्न सक्छ । उत्पादन तथा ढुवानी लागत बढेपछि त्यसको प्रत्यक्ष असर उपभोक्ता मूल्यमा पर्ने भएकाले विश्वव्यापी ऊर्जा संकटले नेपालमा महँगीको दबाब थप बढाउन सक्छ।

विश्व बैंकले पनि मध्यपूर्वमा जारी द्वन्द्वबाट नेपालमा पर्न सक्ने प्रमुख प्रभावमध्ये ऊर्जा सुरक्षालाई महत्वपूर्ण जोखिमका रूपमा औँल्याएको छ।

नेपालका लागि सबैभन्दा संवेदनशील पक्ष वैदेशिक रोजगारी र विप्रेषण हुन सक्छ। विश्व बैंकका अनुसार नेपाली वैदेशिक श्रमिकमध्ये ७७.३ प्रतिशत मध्यपूर्वमा रहेका छन्। साउदी अरब, कतार र संयुक्त अरब इमिरेट्सबाट मात्रै नेपालको कुल विप्रेषणको करिब ३७ प्रतिशत आउने गरेको छ।

मध्यपूर्वमा द्वन्द्व लम्बिएमा त्यहाँको आर्थिक गतिविधि, श्रम माग, रोजगारीका अवसर तथा आप्रवासन नीतिमा परिवर्तन आउन सक्छ। यसको असर नेपाली श्रमिकको रोजगारी र आम्दानीमा पर्न सक्छ।



नेपाल राष्ट्र बैंकले जनाए अनुसार आर्थिक वर्ष २०८२/८३ मा विप्रेषण आप्रवाह २३ खर्ब ६३ अर्ब रुपैयाँ पुगेको थियो । यो नेपालको कुल गार्हस्थ्य उत्पादनको ३५.८ प्रतिशत बराबर हो । यसले नेपालको बाह्य क्षेत्र र समग्र अर्थतन्त्रमा विप्रेषणको ठूलो भूमिका रहेको देखाउँछ।

तर यही उच्च निर्भरता जोखिमको कारण पनि बनेको छ। विप्रेषणमा आएको ठूलो गिरावटले विदेशी मुद्रा आम्दानी, उपभोग, बैंकिङ प्रणाली र समग्र आर्थिक गतिविधिमा एकैपटक दबाब सिर्जना गर्न सक्छ।

विश्वव्यापी तथा क्षेत्रीय तनावको अर्को असर नेपालको पर्यटन क्षेत्रमा पर्न सक्छ । मध्यपूर्वका विमान कम्पनीहरूले नेपालको अन्तर्राष्ट्रिय हवाई सम्पर्कमा महत्वपूर्ण हिस्सा ओगटेका छन्।

क्षेत्रीय द्वन्द्व लम्बिएमा हवाई उडानको संख्या घट्न, हवाई भाडा बढ्न तथा यात्राको जोखिम बढ्न सक्छ । त्यसको असर नेपाल आउने विदेशी पर्यटक तथा वैदेशिक यात्रामा पर्न सक्ने विश्व बैंकको आकलन छ।

पर्यटनबाट प्राप्त हुने विदेशी मुद्रा आम्दानीमा कमी आएमा नेपालको बाह्य क्षेत्रमाथि थप दबाब पर्न सक्छ।

उर्जा र कच्चा पदार्थको मूल्य बढ्दा उद्योग तथा निर्माण क्षेत्रको लागत बढ्छ । उत्पादन लागत बढेपछि निजी क्षेत्रको लगानी क्षमता र नयाँ परियोजनाप्रतिको उत्साह प्रभावित हुन सक्छ।

त्यसैगरी विश्वव्यापी अनिश्चितता बढ्दा लगानीकर्ताले नयाँ लगानीका निर्णय स्थगित गर्ने वा जोखिम कम गर्ने रणनीति लिन सक्छन्। यसको असर रोजगारी सिर्जना, उत्पादन र आर्थिक वृद्धिमा पर्न सक्छ।

विश्व बैंकले चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि २.३ प्रतिशतमा सीमित हुन सक्ने प्रक्षेपण गरेको छ। मध्यपूर्वको द्वन्द्व तथा सन् २०२५ सेप्टेम्बरमा भएको अशान्तिको बाँकी प्रभावलाई आर्थिक वृद्धिमा असर पार्ने प्रमुख कारणमध्ये राखिएको छ।


नेपालको बाह्य क्षेत्र अहिले ठूलो विदेशी मुद्रा सञ्चिति र शोधनान्तर बचतका कारण तुलनात्मक रूपमा सुरक्षित अवस्थामा छ । यसले तत्काल उत्पन्न हुने बाह्य झट्का थेग्न केही आधार प्रदान गर्छ।

तर बाह्य क्षेत्रको यो मजबुतीको महत्वपूर्ण आधार विप्रेषण हो । त्यसैले एकै समयमा विश्व बजारमा तेलको मूल्य बढ्ने, विप्रेषण आप्रवाह सुस्ताउने र पर्यटन आम्दानी घट्ने अवस्था आए नेपालको बाह्य क्षेत्र क्रमशः दबाबमा पर्न सक्छ।

नेपाल राष्ट्र बैंकले पनि बढ्दो भूराजनीतिक तनावले विश्व व्यापार तथा नीतिगत अनिश्चितता बढाइरहेको उल्लेख गर्दै बाह्य जोखिमप्रति सावधानी आवश्यक रहेको संकेत गरेको छ।

विश्व अर्थतन्त्रमा देखिएको जोखिमका कारण नेपालमा तत्कालै ठूलो आर्थिक संकट आउने निष्कर्ष निकाल्नुभन्दा अहिलेको बाह्य सुरक्षा कति दिगो छ भन्ने प्रश्न महत्वपूर्ण देखिन्छ । विदेशी मुद्रा सञ्चिति, विप्रेषण र शोधनान्तर स्थितिले तत्कालको झट्का थेग्ने क्षमता दिए पनि अर्थतन्त्रको संरचनात्मक निर्भरता भने कायमै छ।

तेलको मूल्य बढ्दा महँगी बढ्ने, मध्यपूर्वमा रोजगारी प्रभावित हुँदा विप्रेषण घट्ने, हवाई सम्पर्कमा अवरोध आउँदा पर्यटन प्रभावित हुने र अनिश्चितता बढ्दा लगानी सुस्ताउने अवस्था एकैपटक आए नेपालको अर्थतन्त्रमा बहुआयामिक दबाव पर्न सक्छ।



# स्वास्थ्यका लागि सुरक्षित मातृत्व अधिकारसम्बन्धी प्रस्तावमाथि छलफल

काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरूले भविष्यका नागरिकको स्वास्थ्यका लागि सुरक्षित मातृत्वसम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव संसद्मा दर्ता गरिएको बताउनुभएको छ ।

महिला, कानुन र विकास मञ्चले आइतबार यहाँ आयोजना छलफल कार्यक्रममा सहभागीहरूले नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा 'प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ' भनी स्पष्ट रूपमा मौलिक हकका रूपमा व्यवस्था गरिएको र यसबाट भविष्यका नागरिकको स्वास्थ्य पनि सबल हुने भएकाले प्रस्ताव दर्ता गरिएको जानकारी गराउनुभयो ।




कार्यक्रममा प्रस्तावका प्रस्तावक सांसद सीता थपलियाले संसद्मा धारणा राख्नका लागि तयारी गरिरहँदा विषयको गम्भीरता अनुसार बोलेर मात्र तत्काल केही नहुने देखेपछि प्रस्ताव बनाएर दर्ता गराएको बताउनुभयो । प्रस्तावका विषयमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा तोसिमा कार्की पनि सकारात्मक रहेकाले यो पारित भएर कानुन संशोधनको प्रक्रिया अघि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

प्रस्तावमा 'बच्चा जन्माउने र हुर्काउने महिलाको काम हो' भन्ने सोच अहिलेको समाज पनि रहिरहँदा धेरै दिदीबहिनी आमा बन्नबाट पछि हट्नुभएकाले संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको अधिकारको कार्यान्वयनका लागि यस्तो व्यवस्था गरिएको उल्लेख छ । सुत्केरी बिदा छ महिना पुऱ्याउनुपर्नेमा पनि प्रस्तावले जोड दिएको छ ।

प्रस्ताव कानुन बनेमा गिट्टी कुट्ने आमादेखि सरकारी जागिरेसम्म लाभान्वित हुने सांसद थपलियाको भनाइ छ । यो प्रस्ताव सबै सुत्केरी आमालाई लाभ पुऱ्याउने उद्देश्यले ल्याइएको पनि उहाँले बताउनुभयो । संसद्मा दर्ता भएको सार्वजनिक महत्वको प्रस्तावलाई स्वस्थ्य नागरिक उत्पादन र मानवअधिकारसँग जोडेर हेर्न सकिनेमा अधिकारकर्मीहरूले जोड दिनुभएको छ ।

प्रस्तावका समर्थक सांसद सरस्वती लामाले छ महिनाको प्रयासपछि प्रस्ताव संसद्मा दर्ता भएको जानकारी दिनुभयो । उक्त प्रस्तावको पक्षमा सबै सांसद रहेका भन्दै यसले छिट्टै कानुनको रुप लिने उहाँले विश्वास व्यक्त गर्नुभयो । यो प्रस्तावलाई अझ परिस्कृत र सान्दर्भिक बनाउन यस्ता छलफल उपयोगी हुनेमा सांसदहरूले जोड दिनुभयो । उहाँले केही पुरुषले महिलाका समस्या नबुझ्ने गरेकाले सम्झाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपालको जनसङ्ख्याको ५१ दशमलव दुई प्रतिशत महिला छन् । पन्ध्रदेखि ५९ वर्षका ८७ लाख र २०-४० वर्षका करिब ५० लाख महिला प्रजनन उमेर समूहका छन् । निजामतीमा ३०, शिक्षकमा २७, स्वास्थ्यमा ५५, बैंकिङमा २५-३० र गार्मेन्टमा १८ प्रतिशत महिला पुगिसक्दा पनि 'बच्चा जन्माउने र हुर्काउने आमाकै काम हो' भन्ने सोचले गर्दा धेरै दिदीबहिनी आमा बन्नबाट पछि हट्ने गरेको तथ्य पनि कार्यक्रममा जानकारी गराइएको थियो ।

कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, परिवार कल्याण महाशाखाकी डा गौरी प्रधानले सुत्केरी बिदा छ महिना पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । वैज्ञानिक कारण प्रस्तुत गर्दै आमा र शिशु स्वस्थ राख्नलाई छ महिना सुत्केरी बिदा बनाइनुपर्ने उहाँको भनाइ छ ।

"विश्व स्वास्थ्य सङ्गठनले पनि सुत्केरी बिदा छ महिना बनाउन सिफारिस गरेको छ । आमाको पौष्टिक दूध शिशुले छ महिनासम्म सेवन गर्दा नसर्ने रोग लाग्न नियन्त्रण हुने पुष्टि भएको छ । सुत्केरीलाई मानसिक रूपमा बलियो बनाउन पुरुषलाई पनि ४२ दिन सुत्केरी स्याहार बिदा आवश्यक छ", महाशाखा प्रमुख प्रधानले भन्नुभयो ।

सिंहदरबारमा खुलेको शिशु स्याहार केन्द्रमा हाल ९५ जनाले सेवा लिइरहेका व्यवस्थापक सङ्गीता घिमिरेले जानकारी दिनुभयो । हालसम्म ६६५ जनाले सेवा लिइसकेका भन्दै उहाँले चार महिनादेखि तीन वर्ष उमेर समूहका शिशुले सेवा लिइरहेको बताउनुभयो ।

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले हाल कानुनमा भएको ९८ दिनको सुत्केरी बिदासमेत कतिपय क्षेत्रमा कार्यान्वयनमा नरहेकाले अदालतसम्म जानुपरेको घटना स्मरण गर्नुभयो । गत वैशाख ४ गते संवैधानिक इजलासले गरेको फैसलाले ९८ दिनको सुत्केरी बिदाबाट बञ्चितलाई सहयोग पुगेको उहाँले जानकारी गराउनुभयो । "मानसिक तथा समग्र स्वास्थ्यका लागि पनि सुत्केरीलाई ९८ दिनको बिदाले पुग्दैन, कम्तीमा छ महिना तलबी बिदा आवश्यक छ", उहाँले भन्नुभयो ।

मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले ऐन र प्रस्तावलाई छुट्टाएर हेर्नुपर्नेमा जोड दिनुभयो । कानुन कार्यान्वयनमा सरकार उत्तरदायी हुनुपर्ने भन्दै उहाँले कानुन बनेपछि मात्रै अधिकारका लागि लड्न सकिने बताउनुभयो । नागरिकको अधिकारका लागि कानुन निर्माणमा मञ्च सधैँ सहकार्य गर्न तयार रहेको अधिवक्ता श्रेष्ठले उल्लेख गर्नुभयो ।

कार्यक्रममा अधिवक्ताहरू सीमा धामी, विमला खड्का, विष्णु बस्याल, नेपाल बारकी हसिना प्रधान, मञ्चका अध्यक्ष गीता अर्याल र अधिवक्ता नवीनकुमार श्रेष्ठलगायतले प्रस्तावलाई थप सरल र सहज बनाउनुपर्नेमा जोड दिनुभयो । यसका लागि सरोकार भएका निकायसँग सहकार्य गर्नुपर्नेमा उहाँहरूले बताउनुभयो । रासस

# मधेशमा आत्महत्याका घटना बढ्दै



जनकपुरधाम । पछिल्लो समय मधेश प्रदेशका जिल्लामा आत्महत्या गर्ने प्रवृत्ति बढ्दै गएका छन् । प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनाको अवधिमा मधेसका विभिन्न जिल्लामा गरी २५० जनाले आत्महत्या गरेका छन् ।

अधिकांशले झुण्डिएर र विष सेवनलाई आत्महत्याको माध्यम बनाउँदै आएका प्रदेश प्रहरी कार्यालयले जनाएको छ । चालु आव २०८३/८४ को साउनमा ८८ र भदौमा १६२ गरी दुई महिनाको अवधिमा २५० जनाले आत्महत्या गरेका मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार सो अविधमा सबैभन्दा बढी सिरहा र बारामा ४६/४६, सप्तरीमा ३९, रौतहटमा ३०, धनुषा र महोत्तरीमा २४/२४, सर्लाहीमा २१ र पर्सामा २० जनाले आत्महत्या गरेका छन् ।

यसरी अत्यधिक वृद्धि भएको आत्महत्याको ठोस कारण यकिन गर्न नसकेपनि घरायसी विवाद, प्रेममा असफलता, गरिबी, बेरोजगारी र जीवनको दुःख कष्ट सहन नसकेरलगायत रहेका बुद्धिजीवीहरू बताउँछन् । उमेरको हिसाबले १६ वर्ष मुनिदेखि ७० वर्षसम्मका वृद्धवृद्धाले आत्महत्या गर्दै आएका छन् । आत्महत्या गर्नेहरूमा १८ वर्षदेखि ४० वर्षबीचको सङ्ख्या बढी रहेको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले बताउनुभयो । त्यस्तै, पुरुषको तुलनामा महिलाले बढी आत्महत्या गर्ने गरेका उहाँको भनाइ छ ।

महिलामाथि हिंसा बढी हुने गरेकाले पनि पुरुषको तुलनामा बढी आत्महत्या गर्ने गरेका महिला अधिकारकर्मी सरस्वती मण्डलले बताउनुभयो । "आत्महत्या गर्नेमा सामान्य आर्थिक अवस्थाका व्यक्ति बढी छन् । यसपछि न्यून आय भएका व्यक्तिको संलग्नता पाइँदैन", उहाँले भन्नुभयो ।

अधिकांशले झुण्डिएर र विष खाएर आत्महत्या गर्ने गरेका भन्दै प्रहरी वरिष्ठ उपरीक्षक ढकालले केहीले हाम फालेर आत्महत्या गर्ने गरेका उल्लेख गर्नुभयो । यसरी सामान्य विवादमा पनि विष खाएर आत्महत्या गर्ने प्रवृत्ति समाजका लागि चुनौतीको विषय बनेको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ ।

स्थानीय बुद्धिजिवी एवं नागरिक समाजका अगुवा रामकुमार साहले भन्नुभयो, "यस किसिमको अपराधको विषयमा समाजका सबै पक्ष गम्भीर बनेर समस्या समाधानमा एकजुट हुनुपर्छ । नभए यो समाजका लागि ठूलो चुनौतीको रूपमा खडा हुन सक्छ ।" सबै पक्षले यसलाई गम्भीर रूपमा लिई मनोसमाजिक परामर्श तथा मनोचिकित्सक सेवा सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ । रासस

# भक्तपुर क्यान्सर अस्पतालमा पूर्वाधार अभावले उपचारमा समस्या

काठमाण्डु । भक्तपुरस्थित भक्तपुर क्यान्सर अस्पतालमा शय्या अभावले बिरामी उपचार सेवा नपाई फर्कनु परेको छ । साँघुरो ठाउँमा अस्पताल सञ्चालन गर्नु परेकाले बिरामीलाई उपचार सेवा प्रवाह गर्न नसकेको अस्पतालले जनाएको छ ।




अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने बिरामीलाई शय्या अभावले फर्काउनु परेको अस्पतालका निर्देशक डा उज्ज्वल चालिसेले जानकारी दिनुभयो । उहाँले अस्पतालमा उपचारका सबै सेवा भए पनि शय्या अभावले बिरामीको उपचार गर्न नसकिएको बताउनुभयो ।

"हामीसँग क्यान्सरको उपचारको सेवा सबै उपलब्ध छ", निर्देशक डा चालिसेले भन्नुभयो, "तर बिरामी राख्ने ठाउँ नभएर उपचार दिन सकेका छैनौँ ।" उहाँका अनुसार अस्पतालले दैनिक ३० क्यान्सरका बिरामीलाई उपचार सेवा दिनुपर्ने भए पनि शय्या अभावले समस्या भएको छ । तीमध्ये भर्ना गरेर क्यान्सरको उपचार गर्नुपर्ने १५ जना र १५ जना डे-केयरमा क्यान्सरको बिरामी रहेका छन् ।

शल्यक्रिया र रेडियसन गर्न दुई हप्ता कुर्नुपर्ने बाध्यता रहेको छ । बिरामी उपचारका लागि कुर्नुपरेपछि महँगो उपचार गर्न निजी अस्पताल तथा भारत जान बाध्य भएका छन् । "सेवा प्रभाव गर्ने क्षमता भए पनि हामीसँग पूर्वाधार छैन", कार्यकारी निर्देशक डा चालिसेले भन्नुभयो, "पूर्वाधार अभावले हामीले गरिबी विपन्न बिरामीको उपचार गर्न नपाएर फर्काइरहेका छौँ । ती बिरामीले ऋण खोजेर निजी तथा भारतका अस्पतालमा उपचार गर्न जान बाध्य छन् ।"

अस्पतालमा क्यान्सर उपचारका लागि ९० प्रतिशत सुविधा भए पनि बिरामीलाई शय्या अभावले अयन्त्र पठाउनुपर्ने बाध्यता छ । नेपाल अर्बुद रोग निवारण सङ्घले सञ्चालन गर्दै आएको उक्त अस्पताल २०७७ सालमा सरकारले विकास समितिअन्तर्गत ल्याएर सरकारी बनाएको हो । अहिले भक्तपुर अस्पतालको जग्गामा सङ्घ बनाएको भौतिक पूर्वाधारमा अस्पतालले सञ्चालन भइरहेको छ ।

अस्पतालका कार्यकारी निर्देशक डा चालिसले सरकारसँग पटकपटक आग्रह गरेर अन्यत्र सारेर अस्पतालको क्षमता बढाउन माग गरे पनि सुनुवाइ नभएको बताउनुभयो । "सरकारले हामीलाई उपयुक्त ठाउँमा जग्गा उपलब्ध गराएर भवन बनाइदिएपछि दैनिक विरामीलाई हामीले फिर्ता गर्नुपर्ने अवस्था आउने थिएन", उहाँले भन्नुभयो, "हामी उपचार गर्नसक्ने सक्षम भए पनि ठाउँ अभावले बिरामीको उपचार दिन नसकेकामा दुःख लाग्छ ।"

निर्देशक डा चालिसेका अनुसार क्यान्सर अस्पतालका लागि भक्तपुरमा तीन ठाउँमा जग्गा हेरिएको छ । चाँगुनारायणको छालिङ, सूर्यविनायक र मूलपानीमा गरी तीन ठाउँ हेरे पनि जग्गा प्राप्त प्रक्रियाले अहिलेसममा जग्गा प्राप्ति भएको छैन । एक सय ६५ शय्याको अस्पतालमा दैनिक ७०० भन्दाबढी बिरामी उपचार लागि आउने गर्दछन् । यो संख्या गत वर्षभन्दा दोब्बर हो ।

"अस्पतालको प्रदान गर्ने सेवा गुणस्तरीय भएर होला अहिले अस्पतालमा गत वर्षभन्दा दोब्बर बिरामी आउने गरेका छन्", निर्देशक डा चालिसेले भन्नुभयो, "दोब्बर बिरामीलाई उपचार गर्न सक्षम भए पनि पूर्वाधारको कमी छ ।"

उपचारमा आएकामध्ये ८० प्रतिशत क्यान्सरका बिरामी हुन् । अस्पतालमा दैनिक आठदेखि १० जनासम्म शल्यक्रिया, ७० जना किमो चढाउनुपर्ने र १५० जनाको रेडियसन गर्नुपर्ने हुन्छ । अस्पताल साँघुरो ठाउँमा सञ्चालन गर्नुपरेकाले बिरामीलाई पनि सहज रुपमा उपचार दिन सकिएको छैन ।

"यति सानो ठाउँमा क्यान्सरका बिरामीको उपचार गर्न मिल्दैन तर पनि हामीले बाध्य भएर साँघुरो ठाउँमा गुणस्तरीय सेवा दिएका छौ", कार्यकारी निर्देशक डा चालिसेले भन्नुभयो । रासस

# विपद्मा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु जथाभावी वितरण नगर्न आग्रह

काठमाण्डु । नेपाल पिडियाट्रिक सोसाइटी (नेपास) ले प्राकृतिक विपद् तथा आपत्कालीन अवस्थामा शिशुहरूको पोषण र स्वास्थ्य सुरक्षाका लागि आमाको दूध नै सर्वोत्तम र सुरक्षित आहार भएकाले विकल्प नखोज्न अनुरोध गरेको छ ।

सोसाइटीले आपत्कालीन अवस्थामा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको प्रयोग सम्बन्धमा स्तनपान गराउनै नसकिने केही विशेष र संवेदनशील परिस्थितिहरूमा मात्र स्वास्थ्यकर्मीको सुझावमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु प्रयोग गर्न सकिने जनाएको छ ।

सोसाइटीले 'विपद्का समयमा बालबालिकाको व्यवस्थापन' सम्बन्धी आधिकारिक सुझाव जारी गर्दै यस्तो अवस्थामा पनि स्तनपानलाई नै निरन्तरता दिन परिवार र समुदायको सहयोग आवश्यक पर्ने जनाएको हो ।



नेपासका अनुसार आमाको दूध प्रतिस्थापन गर्ने वस्तुहरू (फर्मुला मिल्क वा बट्टाको दूध) को प्रयोग स्तनपान पूर्ण रूपमा असम्भव भएको अवस्थामा र स्वास्थ्यकर्मीको उचित सल्लाहमा मात्र गरिनुपर्छ ।

आमाको मृत्यु, बेपत्ता भएको वा लामो समयदेखि आमा र बच्चा छुट्टिएको अवस्थामा, आमाको स्वास्थ्य अवस्था अत्यन्त गम्भीर भई स्तनपान गराउन नसक्ने भएमा, आमामा गम्भीर मानसिक चोट वा आघात पुगी स्तनपान गराउन नसक्ने स्थिति भएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको प्रयोग गर्न सकिने जनाएको छ ।

त्यसैगरी, विपद् अगाडिदेखि नै आमाको दूधको विकल्प (बट्टाको दूध) प्रयोग गरिरहेको अवस्थामा, आमा वा शिशुको मेडिकल कारणाले स्तनपान गराउन वा लिन नसक्ने भएमा, स्तनपान गराउन नसकिने अवस्था भएमा र धाई आमा (स्तनपान गराउने अन्य महिला) उपलब्ध नभएमा आमाको दूध प्रतिस्थापन गर्ने वस्तु प्रयोग गर्न सकिने सुझाव दिएको छ ।

आमाको दूध प्रतिस्थापन गर्ने वस्तु प्रयोग गर्दा प्रतिस्थापन गर्ने वस्तु निरन्तर र पर्याप्त मात्रामा उपलब्ध हुनुपर्ने, सुरक्षित पानी र सरसफाइको उचित व्यवस्था भएको सुनिश्चित हुनुपर्ने, शिशुको वृद्धि विकास र स्वास्थ्यको नियमित अनुगमन गर्ने संयन्त्र हुनुपर्ने तथा यो सुविधा अति आवश्यक देखिएका शिशुहरूलाई मात्र लक्षित गरी सहयोगका रूपमा उपलब्ध गराइनुपर्ने सोसाइटीले जनाएको छ ।

सोसाइटीका उपाध्यक्ष बालरोग विशेषज्ञ डा रामहरि चापागाईंले सोसाइटीले आपत्कालीन अवस्थाको फाइदा उठाउँदै शिशु स्वास्थ्यमा गम्भीर असर पर्ने खालका गतिविधि नगर्न आग्रह गर्नुभयो । उहाँले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको आम रूपमा वितरण नगर्न, बोतल र दूधदानीको वितरणमा रोक लगाइनुपर्ने बताउनुभयो । उहाँले स्तनपानको अभ्यासलाई कमजोर बनाउने वा निरुत्साहित गर्ने कुनै पनि कार्य गर्नु नहुने स्पष्ट पार्नुभयो ।रासस

# भोटेकोशी बाढी: एक हजार ४३६ शव भेटिए

काठमाण्डु । भोटेकोशी बाढीमा परी ज्यान गुमाएकाहरूमध्ये एक हजार ४३६ जनाको शव फेला परेको छ ।

नेपाल प्रहरीका अनुसार आइतबार बिहान ११:०० बजेसम्म रसुवामा २२३, नुवाकोटमा २०३, धादिङमा ७२, चितवनमा ३६५, गोरखामा ७९, तनहुँमा ३८, नवलपरासी पूर्वमा २३२ र नवलपरासी पश्चिममा २२२ गरी एक हजार ४३४ शव फेला परेका हुन् ।

फेला परेका शव पहिचानका लागि 'डिएनए' नमूना सङ्कलन गरी हालसम्म एक हजार २९२ शव व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ ।

शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ९९७ गरी कुल तीन हजार २८३ वटा डिएनए नमूना सङ्कलन गरिएको छ । पहिचान नभएको एक हजार ३६२ शवको विवरण प्रहरीको वेबसाइटमा अपलोड गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण, शव व्यवस्थापनलगायतका लागि हालसम्म सात हजार ९७५ प्रहरी परिचालन गरिएको छ । बेपत्ता भएका चार हजार ६५५ जनाको खोजी भइरहेको छ । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज नयाँ कामको शुरुवात हुनेछ ।
वृष : धनको विषयमा फाइदा हुने संकेत छ । मन शान्त र हलुका रहनेछ ।
मिथुन : चन्द्रमाको प्रभावले आत्मविश्वास बढ्नेछ ।
कर्कट : आज अलि धेरै सोच्ने बानी बढ्न सक्छ ।
सिंह : साथीभाईको सहयोगले काम सजिलो हुनेछ ।
कन्या : वरिष्ठ व्यक्तिबाट प्रशंसा पाइने सम्भावना छ ।
तुला : नयाँ कुरा सिक्ने अवसर मिल्नेछ । यात्राको सम्भावना देखिन्छ ।
वृश्चिक : धन सम्बन्धी विषयमा सावधानी अपनाउनुहोस् ।
धनु : सहकार्यबाट राम्रो फाइदा मिल्नेछ । सम्बन्धमा नजिकिने समय छ ।
मकर : समय मिलाएर काम गर्दा तनाव कम हुनेछ ।
कुम्भ: सिर्जनात्मक काममा सफलता मिल्न सक्छ । मन रमाइलो र उत्साहित रहनेछ ।
मीन: पुराना सम्झनाले मन भावुक बन्न सक्छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आयोगले एघारौँ तहको विज्ञापन प्रकाशन गरेनन्

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवा र स्थानीय सेवातर्फका अधिकृत एघारौँ र नवौँ तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन तत्काल प्रकाशन गरेका छैनन् ।

आयोगले चालु आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यतालिका अनुसार भदौ महिनाको अन्तिम बुधबार अर्थात् २०८४ भदौ २५ गते प्रदेश निजामती सेवातर्फका अधिकृत एघारौँ तहका पदको विज्ञापन प्रकाशन गर्नुपर्ने थियो । प्रावधान तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्राचार र सम्बन्धित निर्णयका आधारमा यसअघि तय गरिएको विज्ञापन सम्बन्धी कार्यतालिका प्रभावित भएको हो ।

आयोगले सम्बन्धित निकायहरूबाट पदपूर्तिका लागि आवश्यक विवरण तथा रिक्त पदको माग प्राप्त भएपछि प्रचलित कानुन र आवश्यक प्रक्रिया पूरा गरी अधिकृत एघारौँ तहका पदको विज्ञापनसम्बन्धी प्रक्रिया अघि बढाइने जनाएको छ ।




तर, मधेश प्रदेश सरकार अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन (ओएण्डएम) सम्बन्धी कार्य सम्पन्न भइनसकेको लगायतका कारण निर्धारित समयमा विज्ञापन प्रकाशन गर्न नसकिएको भनी आयोगले सूचना सार्वजनिक गरेको छ।

आयोगका अनुसार प्रदेश निजामती सेवा ऐन, २०७७ को त्यस्तै, स्थानीय सेवातर्फका अधिकृत एघारौँ तह (अप्राविधिक/प्राविधिक) पदको विज्ञापन समेत निर्धारित कार्यतालिका अनुसार प्रकाशन गर्न सकेको छैन । आयोगले स्थानीय सेवासम्बन्धी कानुनी व्यवस्था तथा आवश्यक प्रशासनिक प्रक्रिया पूरा भएपछि मात्रै विज्ञापन प्रकाशन गर्ने सूचनामा भनेको छ।

# चक्कु प्रहार हत्या घटनामा ६ जना पक्राउ



**टुडे समाचारदाता**

बारा। चक्कुले घाँटी रेटेर एक युवकको हत्या गरेको घटनामा बारा प्रहरीले मुख्य अभियुक्तसहित ६ जनालाई नियन्त्रणमा लिएको छ । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२ भएको सो घटनामा हत्यामा संलग्न रहेको आरोपमा आयुश राईलाई पक्राउ गरिएको हो।

घटनामा संलग्न रहेको आशंकामा प्रहरीले थप पाँच जनालाई समेत नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिए।

शनिबार साँझ जीतपुर सिमरा-२ स्थित नेपाल केवल नजिकैको सम्झना स्टाफ होटलमा खाजा खाइरहेका करिब ३५ वर्षीय शेरबहादुर खड्कामाथि राईले भान्साबाट चक्कु ल्याएर आक्रमण गरेको प्रहरीले जनाएको छ।

चक्कु प्रहारबाट घाँटीमा गम्भीर चोट लागेका खड्कालाई तत्काल जीतपुरसिमरा नगर अस्पताल हुँदै वीरगञ्जस्थित बयोधा अस्पताल लगिएको थियो। तर, अस्पताल पुर्‍याएपछि चिकित्सकले जाँच गर्ने क्रममा उनलाई मृत घोषणा गरेका थिए।

घटनापछि राई पश्चिमतर्फको जंगल हुँदै भागेका थिए । राजमार्गमा निस्किएपछि अटो चढेर जीतपुरसिमरा-१६ महेन्द्रनगरस्थित आफन्तको घर पुगेका राईलाई इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टको नेतृत्वमा खटिएको टोलीले खोजी गर्ने क्रममा धान खेतबाट नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार राई मदिरा सेवन गरी अन्य तीन जनासँग होटल पुगेका थिए। खड्कासँग विवाद भएपछि राईले भान्साबाट चक्कु ल्याएर आक्रमण गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

घटनालगत्तै राईसहित दुई जना फरार भएका थिए भने अन्य दुई जना घाइते खड्कालाई लिएर अस्पताल पुगेका थिए । अस्पताल पुगेका दुई जनालाई प्रहरीले तत्कालै नियन्त्रणमा लिएर सोधपुछ थालेको थियो।

घटनामा संलग्न सबैलाई नियन्त्रणमा लिइसकेकाले पीडित परिवारको जाहेरी लिएर थप अनुसन्धान अघि बढाइने प्रहरी उपरीक्षक कुँवरले बताए।

# सरकारविरुद्ध देशव्यापी आन्दोलन गर्ने रामुपानेको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डू । राष्ट्रिय मुक्ति पार्टी नेपालले प्रधानमन्त्रीले आफ्नो बाचा र प्रतिबद्धताहरू पुरा नगरेको भन्दै त्यसलाई पूरा गराउन 'सडकको कडा दबाबमूलक हस्तक्षेप' र देशव्यापी आन्दोलन गर्ने घोषणा गरेको छ।

आइतबारबाट काठमाडौंस्थित पार्टीको केन्द्रीय कार्यालयमा शुरू भएको केन्द्रीय कार्यकारिणी समिति बैठकमा अध्यक्ष राजेन्द्र महतोद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा उक्त घोषणा गरिएको छ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको कार्यशैली र नीतिको कडा आलोचना गर्दै प्रतिबद्धता कार्यान्वयनका लागि सडक संघर्ष अपरिहार्य भएको निष्कर्ष प्रतिवेदनमा पेश गरिएको छ।

'प्रधानमन्त्रीले जनकपुरधामलगायत देशका विभिन्न मञ्चहरूमा पुगेर वास्तविक अधिकारसम्पन्न संघीयता कार्यान्वयन गर्ने, प्रहरी प्रशासनको समायोजन गर्ने, निजामती सेवा ऐन अविलम्ब ल्याउने र मधेश तथा थरुहट आन्दोलनसँग सम्बन्धित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने सार्वजनिक प्रतिबद्धता जनाउनुभएको थियो,' प्रतिवेदनमा महतोले लेखेका छन् ।



तर, सरकार स्वयंले विभिन्न कार्यदल बनाएर संविधान संशोधनका कुरा गरे ता पनि व्यवहारमा प्रहरी प्रशासन र कर्मचारीतन्त्रमाथिको केन्द्रीकृत नियन्त्रण छाड्न नचाहेको र असन्तुष्ट समुदायका मूल सवालहरूलाई ओझेलमा पार्ने काम मात्र गरिरहेको समेत भनेका छन् ।

सरकारलाई आफ्ना वाचा पूरा गराउन र जनताका मुद्दा सम्बोधन गराउन पार्टीले 'प्रधानमन्त्रीज्यू, वाचा पूरा गर !' भन्ने मुख्य नाराका साथ प्रदेशका राजधानीहरू र काठमाडौंको माइतीघर मण्डलामा सांकेतिक विरोध प्रदर्शन तथा सिठी जुलुस आयोजना गर्ने योजना अघि सारेको छ।

यसैगरी, थरुहट र मधेश आन्दोलनका क्रममा गठन भएको लाल आयोगको प्रतिवेदन अविलम्ब सार्वजनिक गर्न, आन्दोलनका बन्दीहरूलाई रिहा गर्न र लगाइएका झुटा मुद्दाहरू फिर्ता लिन प्रधानमन्त्री कार्यालयलाई औपचारिक ज्ञापनपत्र र स्मरणपत्र बुझाइने उल्लेख छ।

# गणपुरक संख्या नपुगेपछि फतुवा विजयपुरको नगरसभा स्थगित

**टुडे समाचारदाता**

रौतहट । गणपुरक संख्या नपुगेपछि रौतहटको फतुवा विजयपुर नगरपालिकाको नगरसभा स्थगित भएको छ । विजयपुर माध्यमिक विद्यालयमा बोलाइएको नगरसभामा पर्याप्त जनप्रतिनिधि उपस्थित नभएपछि बैठक अघि बढ्न नसकेको हो।

नगरपालिकाका अनुसार ६० सदस्यीय नगरसभाका लागि कम्तीमा ३१ जना उपस्थित हुनुपर्नेमा करिब २५ जना मात्रै सहभागी भएका थिए। कार्यवाहक नगर प्रमुख अम्बेया खातुन पक्षले निलम्बित नगर प्रमुख गोपाल राय यादव निकट जनप्रतिनिधिहरू सहभागी नभएका कारण गणपूरक संख्या नपुगेको दाबी गरेको छ।




तर यादव पक्षले भने नगरपालिकाको पछिल्लो कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै पारदर्शी वातावरण नबनेसम्म नगरसभामा सहभागी नहुने अडान राख्दै आएको बताइएको छ।

यादव पक्षका जनप्रतिनिधिहरूले नगरपालिकामा अनियमितता भएको आरोप लगाउँदै छानबिनको मागसमेत गर्दै आएका छन्। कार्यवाहक नगर प्रमुख पक्षले भने नगरपालिकाको नियमित कामकारबाही, बजेट तथा विकास योजनालाई अघि बढाउन नगरसभा आवश्यक रहेको बताउँदै आएको छ।

फतुवा विजयपुर नगरपालिकामा केही समयदेखि कायम रहेको राजनीतिक तथा प्रशासनिक विवादको असर नगरसभासम्म पुगेको पछिल्लो घटनाले देखाएको छ।

निलम्बित नगर प्रमुख यादव पक्ष र कार्यवाहक नगर प्रमुख खातुन पक्षबीचको मतभेदका कारण नगरसभा सञ्चालनका लागि आवश्यक सहमति जुट्न नसकेको हो। नगरसभा पटक-पटक प्रभावित भएमा बजेट, विकास योजना तथा स्थानीय सरकारका नियमित निर्णय प्रक्रियामा असर पर्न सक्ने देखिन्छ।

गोपाल राय यादव २०७९ को स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट फतुवा विजयपुर नगर प्रमुखमा निर्वाचित भएका थिए । लालबकैया नदीको ढुंगा, गिट्टी तथा बालुवा ठेक्कामा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १२ असार २०७९ मा यादवसहितविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो। अख्तियारले उक्त प्रकरणमा नगरपालिकालाई १ करोड ५३ लाख ५० हजार १९९ रुपैयाँ नोक्सानी भएको दाबी गरेको थियो।

विशेष अदालतले १७ असोज २०८० मा यादवलाई दोषी ठहर गरेको थियो। सोही मुद्दामा प्रतिवादी बनाइएका अन्य २० जनाले भने सफाइ पाएका थिए । विशेष अदालतले २५ असोज २०८० मा यादवलाई ३ वर्ष कैद र १५ लाख रुपैयाँ जरिवानाको फैसला गरेको थियो। उक्त फैसलाविरुद्ध यादवले सर्वोच्च अदालतमा पुनरावेदन गरेका छन् । यादव निकट स्रोतका अनुसार उक्त मुद्दाको पेसी सोमबार सर्वोच्च अदालतमा तोकिएको छ।

यसैबीच, कार्यवाहक नगर प्रमुख खातुन पक्षले यादवले सर्वोच्चबाट सफाइ पाउने विश्वास व्यक्त गर्दै केही कार्यपालिका सदस्यलाई नगरसभामा सहभागी नहुन आग्रह गरेको दाबी गरेको छ। यद्यपि, यो दाबीको स्वतन्त्र पुष्टि हुन सकेको छैन।

यस विषयमा यादवको प्रतिक्रिया लिन पटक-पटक सम्पर्क गर्दा उनले फोन रिसिभ नगरेको बताइएको छ। तत्कालीन नगर प्रमुख यादव निलम्बित भएपछि नेपाली कांग्रेसबाट निर्वाचित उपप्रमुख अम्बेया खातुन कार्यवाहक नगर प्रमुखको जिम्मेवारीमा रहेर नगरपालिका सञ्चालन गर्दै आएकी छन् ।

# स्वास्थ्यका अस्थायी कर्मचारीको दरबन्दी स्वीकृत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा कार्यरत अस्थायी कर्मचारीको दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ। लामो समयदेखि दरबन्दीको टुंगो नलाग्दा स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापन प्रभावित भएपछि प्रदेश मन्त्रिपरिषद्ले तत्कालका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको जनाइएको छ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत भदौ २८ गते दरबन्दी स्वीकृत नभएसम्म अस्थायी कर्मचारीलाई काजमा नखटाउन निर्देशन दिएपछि प्रदेशका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा सेवा प्रभावित भएको थियो। त्यसपछि स्वास्थ्य सेवा नै प्रभावित हुन थालेको भन्दै समस्या समाधानका लागि सरकारमाथि दबाब बढेको थियो।

आइतबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवा अत्यावश्यक र संवेदनशील क्षेत्र भएकाले नियमित सेवा प्रभावित हुन नदिने निष्कर्षसहित अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको हो।

सरकारले स्वास्थ्य मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणको अन्तिम टुंगो नलाग्दासम्म आवश्यक जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य सेवा निरन्तर सञ्चालन गर्ने जनाएको छ।

बैठकले स्वास्थ्य क्षेत्रसँगै प्रदेशमा कर्मचारी व्यवस्थापनका क्रममा देखिएका कानुनी र व्यावहारिक समस्या समाधान गर्ने विषयमा पनि विभिन्न निर्णय गरेको छ।


स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा, सुविधा, शर्त तथा वृत्ति विकासलाई व्यवस्थित गर्न 'स्थानीय तह (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१' संशोधन गर्ने तयारी गरिएको छ। त्यसका लागि तयार पारिएको विधेयकको मस्यौदा प्रदेशसभाको आगामी अधिवेशनमा पेश गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईका अनुसार स्थानीय तहमा आवश्यक जनशक्तिको स्थायित्व कायम गर्नु, कर्मचारीको वृत्ति विकास सुनिश्चित गर्नु तथा सेवा व्यवस्थापनमा देखिएका कानुनी जटिलता हटाउनु संशोधनको मुख्य उद्देश्य हो।

यसैबीच मन्त्रिपरिषद्ले मुख्यमन्त्री, मन्त्री तथा प्रदेशसभाका पदाधिकारी र सदस्यका निजी तथा स्वकीय सचिवालयमा कार्यरत कर्मचारीको संख्या पनि पुनरावलोकन गर्ने निर्णय गरेको छ। बैठकले सचिवालयको संगठनात्मक संरचना र कर्मचारी संख्याको पुनरावलोकनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३ स्वीकृत गरेको छ। प्रतिवेदनमा उल्लेख गरिएका सुझाव र सिफारिसलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी कार्यान्वयनमा लैजाने निर्णयसमेत गरिएको छ।

सरकारका अनुसार सचिवालयमा कार्यबोझ, आवश्यकता र जिम्मेवारीका आधारमा जनशक्ति व्यवस्थापन गर्नुका साथै सार्वजनिक स्रोतको मितव्ययी र प्रभावकारी उपयोग गर्ने उद्देश्यले यो निर्णय गरिएको हो।

# छात्रावासबाट भागेको भन्दै विद्यार्थीलाई कुटियो




**टुडे समाचारदाता**

लहान । सिरहाको लहानस्थित एक निजी विद्यालयको छात्रावासमा रहेका विद्यार्थीलाई शिक्षकले निर्घात रुपमा कुटपिट गरेको घटना बाहिरिएको छ।

लहान-४ स्थित इन्द्रेणी स्कुलमा अध्ययनरत ११ वर्षिय ती विद्यार्थीलाई छात्रावासबाट पटकपटक भागेको भन्दै विद्यालयका शिक्षकले कुटपिट गरेको परिवारले जनाएको छ । विद्यार्थी सप्तरीको बलानबिहुल गाउँपालिका-४ का हुन्।

विद्यालयका संस्थापक देवेन्द्र साहले विद्यार्थी यसअघि पनि छात्रावासबाट भाग्ने गरेको र पछिल्लो पटक प्रहरीले फेला पारेपछि विद्यालयमा ल्याइएको बताए । त्यसपछि विद्यार्थीलाई सामान्य रूपमा तर्साउन एक-दुई लट्ठीले कुटेको उनले स्वीकार गरेका छन्।

तर, विद्यार्थीका अभिभावकले भने बालकमाथि निर्घात कुटपिट गर्नुका साथै बाँधेर राखिएको आरोप लगाएका छन्। विद्यार्थीले आफूलाई बाँधेर घोप्टो पारेर फलामे छड र प्लास्टिकको पाइपले कुटिएको बताएका छन्।

घटनापछि परिवारले बालकलाई घरमा लगेर उपचार गराइरहेको छ । यस घटनापछि सिरहाका निजी विद्यालयमा अनुशासनका नाममा विद्यार्थीमाथि हुने कुटपिट तथा यातनाको विषय फेरि चर्चामा आएको छ।

अधिकारकर्मीहरूले विद्यालयमा बालबालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसा रोक्न प्रभावकारी निगरानी र कारबाही आवश्यक रहेको बताएका छन्।

अधिकारकर्मीहरूका अनुसार यस्ता घटना कतिपय अवस्थामा विद्यालय, अभिभावक र अन्य पक्षबीच आर्थिक लेनदेन वा आपसी सहमतिमा मिलाउने प्रयास हुने गरेका छन्।

# ईटा उद्योग महासंघ मधेशको साधारण सभा सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल ईंट्टा उद्योग महांघ मधेश प्रदेशको चौथो साधारण सभा सम्पन्न भएको छ । आइतवार जनकपुरधाममा आयोजित सो साधारण सभामा महासचिव अशोक कुमार जयसवालले सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष रामबाबु पजियारले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका छ्न।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले कर उठाउने मात्र नभई नागरिकलाई सेवा-सुविधा प्रदान गर्नु पनि राज्यको दायित्व रहेको बताए।

नेपाल ईटा उद्योग महासंघ मधेशको चौथो महाधिवेशनको उद्घाटन सत्रमा बोल्दै मन्त्री भट्टराईले व्यवसायीबाट कर उठाउने मात्र नभई व्यवसाय कसरी टिकाउ बनाउन सकिन्छ भन्ने दिशामा समेत राज्यले काम गर्नुपर्ने बताए।


कुनै पनि व्यवसायलाई संरक्षण गर्ने दिशामा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै उनले नेपालमा आत्मनिर्भर रहेको ईटा उद्योगबाट पछिल्लो समय व्यवसायी पलायन भइरहेकोप्रति चिन्ता समेत व्यक्त गरे।

महासंघकोचौथोमहाधिवेशनको उद्घाटन सत्रमा सहभागी वक्ताहरूले मधेशमा करिब ७ सय ईटा उद्योग रहेकामा अहिले ३ सय २० उद्योग मात्र सञ्चालनमा रहेको बताएका थिए। उनीहरुले काँचो ईटाको बीमा व्यवस्था गरिदिन सरकारसँग आग्रह गर्दै यसले क्षतिपूर्तिमा ठूलो मद्दत पुग्ने बताए।

कोरोना महामारीपछि देखिएको आर्थिक मन्दी र राज्यबाट उचित सहयोग नपाउँदा ३ सय ८० ईटा उद्योग बन्द भएको उनीहरूको गुनासो थियो । उद्योग बन्द हुँदा करिब ८० हजार रोजगारीसमेत गुमेको उनीहरूले बताएका थिए।

नेपाल ईटा उद्योग महासंघ मधेशका अध्यक्ष विक्रम साहको अध्यक्षतामा भएको उद्घाटन सत्रमा जनकपुरधामका नगरप्रमुख मनोजकुमार साह, नेपाल ईटा उद्योग महासंघका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद अवाल, संस्थापक अध्यक्ष महेन्द्रबहादुर चित्रकार लगायतले पनि आ आफ्ना धारणा राखेका थिए।






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कांग्रेसमा एकताको सबै प्रयास विफल

नेपाली कांग्रेसलाई एक ढिक्का बनाएर राख्ने सबै चरण र सबै तिरको प्रयास विफल भएको छ । संस्थापन पक्षले असोज ३ गतेदेखि प्रारम्भ गरेको वडा अधिवेशनमा इतर पक्ष औपचारिक रुपमा नै सहभागी नभएपछि पार्टी विभाजन भएको हो । इतर पक्षले नेपाली कांग्रेसकै झण्डा र चुनाव चिन्हसहित १५ औं महाधिवेशनको लागि असोज १५ गतेदेखि वडा अधिवेशन गर्ने तयारी थालेको छ। संस्थापन र इतर पक्षले अलगअलग तिथिमा वडा तहदेखिकै अधिवेशन गर्न थालेकोले पार्टी अब एक रहेन। देशको सबैभन्दा जेठो लोकतान्त्रिक पार्टी भनेर चिनिने नेपाली कांग्रेस पहिलो पटक विभाजन हुन लागेको होइन । विगतमा पनि कांग्रेस पार्टी विभाजित भएको थियो । कांग्रेस विभाजनको प्रमुख कारण नीतिगत अथवा सैद्धान्तिक नभइ व्यक्तिगत अहंकार हो । सभापति गगन कुमार थापा र निवर्तमान सभापति शेरबहादुर देउवालगायतका नेताहरुको अहंकारले कांग्रेस विभाजित भएको छ। कांग्रेसलाई एक ढिक्का बनाउने पर्याप्त सम्भावना थियो । दुवै पक्षका नेताहरुले एक कदम पछाडि मात्र हटेको भए कांग्रेस विभाजित हुनबाट जोगिन सक्ने थियो । तर दुबै पक्षले आ-आफ्नो हठ त्याग नगरेकोले कांग्रेसमा दुईवटा महाधिवेशनको प्रक्रिया अगाडि बढेको छ । हुन त अहिले दुबै समूहले नेपाली कांग्रेसकै १५औं महाधिवेशन गर्न लागेको छ । थापा समूहलाई निर्वाचन आयोग र सर्वोच्च अदालतले वैधता प्रदान गरिसकेको अवस्था छ। कांग्रेसको सानेपास्थित मुख्यालय पनि संस्थापन पक्ष अर्थात थापा पक्षको नियन्त्रणमा छ । देशभरिको संगठनको अधिकांश हिस्सा पनि संस्थापन पक्षसित छ। देउवाका अत्यन्त निकट मानिने नेताहरुले अहिले उनको साथ छाडिसकेको छ। देउवा समूहमा रहेका अधिकांश नेताहरु अवकास लिने अवस्थामा पुगिसकेका छन् । गत वर्ष भएको जेन- जी आन्दोलनले दिएको सन्देश पनि देउवा समेतका नेताहरुलाई सक्रिय रहने विपरीत छ । केही महिनापछि देशमा स्थानीय र प्रदेशको चुनाव हुने भएको छ । कांग्रेस विभाजनको अवस्थामा चुनावमा गए संसदीय चुनावमा निकै पछाडि रहेर दोस्रो स्थानमा छ। त्यतिबेला कांग्रेस एक ढिक्का थियो । दुईवटा कांग्रेस भएर चुनावमा जाँदा स्थिति अझ खराब हुने निश्चित छ । लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने नेताहरुले हठ त्याग गर्न आवश्यक छ। एक कदम पछाडि हट्दा कांग्रेसको विभाजन टर्ने अवस्थामा हठमा कायम रहनु अत्यन्त दुःखद हो। कांग्रेसमा दुई पुस्ताका नेताहरुको उपस्थिति रहेको छ। अनेक यातना भोगेका, लामो समय जेल बसेका, वर्षौ सत्ता सञ्चालन गरेका अनुभवी नेता र नयाँ जोश र जाँगर भएका युवा पुस्ताले देशमा कांग्रेसलाई फेरि स्थापित गर्न सक्ने प्रचुर सम्भावना थियो। तर विनाशलाई निम्त्याइएको छ।

# भोटेकोशी विपद्ले बदल्यो कूटनीति- जलवायु ऋण होइन, अब क्षतिपूर्ति



कुबेर चालिसे

बुधबार प्रतिनिधि सभाले जलवायु परिवर्तनबाट नेपालमा सिर्जित हानिनोक्सानी र राष्ट्रिय सुरक्षा चुनौतीलाई अन्तर्राष्ट्रिय स्तरमा अझ बलियो रूपमा उठाउन सरकारको ध्यानाकर्षण गराएको छ। भदौ १० गते भोटेकोसी र त्रिशूली नदी बेसिनमा गएको विनाशकारी बाढीले रसुवा, नुवाकोट र धादिङलगायत क्षेत्रमा भएको विनाशको सन्दर्भमा प्रतिनिधि सभाले विशेष प्रस्ताव पारित गरेको हो।

उक्त अवसरमा सभामुख डोलप्रसाद अर्यालले नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष जलवायु न्यायको मुद्दा प्रभावकारी रूपमा उठाउनुपर्ने पनि बताए।

यससँगै जलवायु परिवर्तनबाट भएको हानिनोक्सानीबारे नेपालले आफ्नो आवाज स्पष्ट र बलियो बनाउने बाटो खुलेको छ। यसका साथै जलवायु परिवर्तनबाट उत्पन्न जोखिम अब वातावरणीय समस्या मात्र नभई राष्ट्रिय सुरक्षा चुनौतीको रूपमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सहज पनि भएको छ। किनकि मानवसिर्जित तापक्रम वृद्धिका कारण हिमनदी र हिमतालमा परिवर्तन, हिमपहिरोको जोखिम वृद्धि तथा असामान्य वर्षाका घटना बढिरहेको सन्दर्भमा विपद् आइसकेपछि राहत तथा पुनर्निर्माणमा केन्द्रित हुने भन्दा हिमताल र हिमनदीको नियमित अध्ययन, अनुगमन तथा पूर्वतयारीलाई प्राथमिकता दिने कार्यमा नेपाल गम्भीर हुनुपर्ने अवस्था छ।

प्रतिनिधि सभाले बुधबार पारित गरेको प्रस्तावले नेपालको जलवायु कूटनीतिका अब कतातिर जान्छ भन्ने पनि संकेत गरेको छ। यसअघि भदौ १५ गते पनि नेपालका जनताको नामबाट विश्व बैंकलाई एउटा पत्र लेखिएको छ।

पत्रमा लेखिएको छः हामीलाई थप जलवायु ऋण होइन, ऐक्यबद्धता चाहिएको छ। हामीलाई जलवायु ऋण होइन, अनुदान चाहिएको छ।

पत्रमा भदौ १० गते भोटेकोसी र त्रिशूली नदी बेसिनमा गएको विनाशकारी बाढी तथा पहिरोको राहत र पुनरुत्थानका लागि विश्व बैंकले नेपाललाई प्रस्ताव गरेको सहुलियतपूर्ण वित्तपोषणप्रति गहिरो चासो र साथै आपत्ति पनि प्रकट गरिएको छ।

'यो कुनै सामान्य प्राकृतिक प्रकोप होइन, यो स्पष्ट रूपमा जलवायु संकटको बोझ हो। जसलाई नेपालले हरेक वर्ष सामना गर्दै आएको छ। जसले हाम्रा समुदाय, जीवन र जीविकोपार्जनलाई तहसनहस पारेको छ। हामीले हरेक वर्ष अर्बौं अमेरिकी डलर बराबरको आर्थिक र सहन नसकिने गैर-आर्थिक क्षति बेहोर्नुपरेको छ र यस्तो अवस्थामा पनि विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले नेपालको ऋणको बोझ थपेर जवाफ दिइरहेका छन्। यो स्पष्ट रूपमा मानवताविरुद्धको अपराध हो,' पत्रमा भनिएको छ।

नेपालले आफूले नगरेको गल्तीको कारण निम्तिएको विनाशमा विश्व बैंकले ऋणको बोझ बोकाउन खोज्नु मानवता विरुद्धको अपराध हो भनेर विश्व बैंक समूहका अध्यक्ष तथा कार्यकारी निर्देशकहरूलाई सम्बोधन गरेर लेखिएको पत्रको बोधार्थ नेपालका प्रधानमन्त्री, अर्थ मन्त्रालय, नेपाल सरकार तथा विश्व बैंक नेपाल देशीय कार्यालयका नाममा पनि दिइएको छ।

पत्रमा अगाडि लखिएको छ, 'बाढी गएलगत्तै विश्व बैंकले आफ्नो विपद्-वित्तपोषण संयन्त्रमार्फत नेपालको आपतकालीन प्रतिक्रियाको लागि करिब २५ अर्ब नेपाली रुपैयाँ परिचालन गर्न सकिने जनाएको छ। तर, विश्व बैंकको यो सहुलियतपूर्ण वित्तपोषण हो, अनुदान होइन। हामीले नगरेको गल्तीको लागि हामीलाई नै ऋण दिने अनि हामीसँग ब्याज लिने यस्तो व्यवस्था अर्थात् सहुलियतपूर्ण ऋण पनि ऋण नै हो र ऋण भनेको जलवायु न्याय होइन।' जलवायु परिवर्तनका कारण हुने ठूला प्राकृतिक प्रकोपहरूसँग लड्न र त्यसबाट भएको क्षतिपूर्ति वा पुनःनिर्माणका लागि विकासोन्मुख राष्ट्रहरूलाई आर्थिक सहयोग गर्न स्थापित हानिनोक्सानी कोषको संक्रमणकालीन समितिका अनुसार नयाँ कोष र वित्तपोषण व्यवस्था अन्तर्गत हानि र नोक्सानीलाई सम्बोधन गर्ने सहयोगले विकासशील देशहरूको विकासका प्रयासलाई थप कुण्ठित गर्ने गरी उनीहरूको ऋणको बोझ बढाउने काम गर्नु हुँदैन। किनकि नेपाल हरितगृह ग्यास उत्सर्जनमा सबैभन्दा कम योगदान गर्ने मुलुकमध्ये भएपनि विश्वका सबैभन्दा बढी जोखिममा पर्ने देशहरूमा पर्छ। तसर्थ, पत्रमा उल्लेख छ, 'जलवायु संकटबाट उम्कन नेपाललाई ऋण तिर्न बाध्य पार्नु अत्यन्तै अन्यायपूर्ण छ र हामी विश्व बैंकलाई बाढी प्रतिक्रिया र पुनरुत्थानका लागि प्रस्ताव गरिएको ऋणलाई अनुदानमा परिणत गर्न माग गर्दछौं।'

नेपालमा बाढी आउँछ, पहिरो जान्छ, हिमताल फुट्छ, हिमपहिरो खस्छ। मानिस मर्छन्, बस्ती बग्छन्, सडक र पुल भत्किन्छन्, जलविद्युत् आयोजना क्षतिग्रस्त हुन्छन्। केही दिन राज्य संयन्त्र सक्रिय हुन्छ। राहत घोषणा हुन्छ। अन्तर्राष्ट्रिय समुदायले पनि समवेदना व्यक्त गर्छ। तर, नेपाल सरकार विश्व बैंकसँग ऋण लिएर पुनर्निर्माण तथा पुनर्स्थापनाको काम गर्छ। यो क्रम अब रोकिनु पर्छ। किनकि हिमालमा भइरहेको परिवर्तनलाई अब नयाँ ऋण दिने बहानाको रुपमा हेर्न मिल्दैन।

पत्रमा अगाडि लेखिएको छ, 'तसर्थ, हामी विश्व बैंकलाई नेपालको बाढी प्रतिक्रिया र पुनरुत्थानका लागि प्रस्तावित वित्तपोषणलाई ऋणबाट अनुदानमा तुरुन्तै परिणत गर्न, तात्कालिक प्रतिक्रिया र पुनरुत्थानका लागि दिइने सबै सहयोगले सार्वभौम ऋणको बोझ नबढाउने कुरा सुनिश्चित गर्न, हानि र नोक्सानी कोषमा पहुँच पाउन नेपाललाई सहयोग गर्न र प्रस्तावित वित्तपोषणमा पूर्ण पारदर्शिता प्रदान गर्न आह्वान गर्दछौं।'



'हामी (नेपालका जनता) नेपाल सरकारलाई हामीसँग दृढतापूर्वक उभिन र विश्व बैंकको नयाँ ऋण प्रस्तावलाई स्पष्ट रूपमा अस्वीकार गर्न तथा समुदायको चिहानमाथि, मानवता विरुद्धको अपराध नगर्न आह्वान गर्दछौं। नेपालले विश्व बैंक र अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई विपद् प्रतिक्रिया, पुनरुत्थान र पुनर्निर्माणका लागि ऋण होइन, अनुदान उपलब्ध गराउन माग गर्नुपर्छ,' पत्रमा लेखिएको छ।

भदौ १० गते बिहान लाङटाङ-लिरुङ क्षेत्रको करिब ५ हजार २०० मिटर उचाइबाट खसेको हिम, बरफ, चट्टान र गेग्रानको विशाल पिण्डले तलको ल्हेन्दे खोलामा पुगेपछि भयावह बाढीको रूप लियो। हालसम्म उपलब्ध प्रारम्भिक आकलनअनुसार ठूलो मात्रामा गेग्रानसहितको लेदो नदी एकैपटक गडगडाएर भोटेकोसी-त्रिशूली करिडोरतर्फ फैलियो। अनि यो प्रकोपको विनाशले केही घण्टामै बस्ती, सडक, पुल, ऊर्जा संरचना र व्यापारिक सम्पर्कलाई तहसनहस पार्‍यो। यस्तो अनपेक्षित र प्रलयकारी विपत्तिका कारण सयौं स्वदेशी तथा विदेशी नागरिकहरूले मृत्युवरण गर्न पुगेका छन् भने हजारौं मानिसहरू अझैसम्म हराईरहेका छन्। बाढीका कारण खर्बौं रुपैयाँ बराबरको भौतिक सम्पत्ति क्षति भएको छ। दर्जनौं पक्की पुल बगेका छन्। करिब ९०० मेगावाटका एक दर्जनभन्दा बढी जलविद्युत आयोजनाहरू प्रभावित भएका छन्। पचासौं किलोमिटर सडकहरू, हजारौं घर तथा व्यापारिक भवनहरूका साथै हजारौं हेक्टर खेतीयोग्य जमिनमा पूर्ण तथा आंशिक क्षति भएको छ।

साथै, शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा लगायतका सरकारी संरचनाहरू ध्वस्त भएका छन्। बाढीले भौतिक तथा मानविय क्षति पुर्‍याउनुका साथै हजारौं वर्षदेखिको नदी किनाराको मानव सभ्यता समेत तहसनहस पारेको छ। परम्परागत मनसुनी बाढीमा वर्षा, नदीको सतह र पानीको बहावका आधारमा केही समय पूर्वसूचना दिन सकिन्छ। तर हिमाली ढलानबाट अचानक ठूलो परिमाणमा बरफ, चट्टान र गेग्रान तल खस्दा त्यसले सिर्जना गर्ने बाढीको प्रकृति तथा गति फरक हुन्छ। यस्तो घटनामा पूर्वसूचनाका लागि उपलब्ध समय अत्यन्त छोटो हुन सक्छ।

यसले नेपाललाई एउटा कठोर पाठ दिएको छः हामीसँग बाढीको पूर्वसूचना प्रणाली भए पनि त्यो हिमालबाट अचानक उत्पन्न हुने उच्च गतिको बाढीका लागि अझै अपर्याप्त छ। त्यसैले अब प्रश्न उद्धार र राहतको मात्र होइन। प्रश्न जोखिमको पुनर्मूल्यांकनको हो। विपद्पछि हाम्रो पहिलो प्रतिक्रिया भत्किएको सडक र पुल बनाउनु हो। तर जुन ठाउँमा जोखिमको स्वरूप नै बदलिइसकेको छ, त्यही ठाउँमा पुरानै संरचना फेरि बनाउनु पुनर्निर्माण होइन, अर्को विपदलाई निम्तो हुन्छ। अब पुनर्निर्माणको प्रश्न 'कति खर्च लाग्छ?' मात्र होइन, 'कहाँ र कस्तो पूर्वाधार बनाउने?' भन्ने हो। किनकि जलवायु परिवर्तनले जोखिम बढाइरहेको अवस्थामा विगतका बाढीको तथ्यांक मात्र हेरेर भविष्यको पूर्वाधार डिजाइन गर्न सकिँदैन। अझ यो भन्दा ठूलो प्रश्न नेपालको अर्थतन्त्रसँग जोडिएको छ। विश्वलाई नै थाहा छ, नेपालको विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा योगदान ०.१ प्रतिशत मात्र अर्थात् नगण्य छ। तर जलवायुजन्य जोखिमको सबैभन्दा अग्रपंक्तिमा नेपाल नै छ। हिमनदीको तीव्र परिवर्तन, हिमतालको जोखिम, पहिरो, बाढी र मौसमको चरम परिवर्तनीय घटनाले नेपालको पूर्वाधार, कृषि, ऊर्जा, पर्यटन र जीविकोपार्जनमा प्रत्यक्ष असर पारिरहेको छ। यहीँनेर प्रतिनिधि सभाले बुधबार पारित गरेको तथा नेपालका जनताको नामबाट विश्व बैंकलाई लेखिएको पत्रमा उठाइएको मुलप्रश्न, 'अन्तर्राष्ट्रिय जलवायु न्याय'को सन्दर्भ आउँछ। विश्वका सबै देशले समान मात्रामा कार्बन उत्सर्जन गर्दैनन्। सबैको ऐतिहासिक जिम्मेवारी पनि समान छैन। र जलवायुजन्य क्षति सामना गर्ने आर्थिक क्षमता पनि सबैको समान छैन।

'साझा तर विभेदित उत्तरदायित्व'को सिद्धान्त यही असमानतालाई स्वीकार गर्ने अन्तर्राष्ट्रिय जलवायु व्यवस्थाको महत्वपूर्ण आधार हो। समस्या के हो भने यो सिद्धान्त त स्वीकार गरिएको छ, तर त्यसअनुसारको आर्थिक उत्तरदायित्व अझै पर्याप्त रूपमा कार्यान्वयन गरिएको छैन। त्यसैले, नेपालले यही अन्तरलाई अब आफ्नो कूटनीतिक एजेन्डा बनाउनुपर्छ।

वर्षौंदेखि नेपालले विश्वलाई भनिरहेको छ, 'हामी जलवायु परिवर्तनका कारण जोखिममा छौं, हामीलाई जलवायु वित्त चाहिन्छ, हिमालय बचाउनुपर्छ।' विश्वले सुन्दै पनि आएको छ तर यसपटक नराम्रोसँग देखियो पनि। त्यसैले अब भाष्य बदल्ने समय आएको छ। जलवायु कूटनीति अब पर्याप्त छैन। जलवायु मुद्दासम्बन्धी कानुनी सम्भावनासमेत गम्भीरतापूर्वक अध्ययन गरेर नेपालले क्षतिपूर्ति कूटनीति सुरु गर्नुपछ। तर, यसमा सावधानी पनि अपनाउनु पर्छ। यो कुनै देशविरुद्धको क्षणिक आक्रोश होइन। यो अन्तर्राष्ट्रिय कानुन, वैज्ञानिक प्रमाण र जलवायु न्यायलाई आर्थिक उत्तरदायित्वसँग जोड्ने रणनीति हो। सबैभन्दा पहिले नेपालले आफ्नो क्षतिको दस्तावेजीकरण गरेर प्रमाण तयार गर्नुपर्छ। प्रत्येक ठूलो जलवायुजन्य विपद्को प्रत्यक्ष र अप्रत्यक्ष क्षतिको लेखाजोखा हुनुपर्छ। सडक र पुल मात्र होइन, कृषि उत्पादन, ऊर्जा उत्पादन, पर्यटन, रोजगारी, विस्थापन, शिक्षा, सामाजिक संरचना, सार्वजनिक ऋण र स्थानीय अर्थतन्त्रमा परेको प्रभावसमेत गणना गर्नुपर्छ। कुन घटना सामान्य प्राकृतिक प्रक्रियाको परिणाम हो? कुन जोखिम जलवायु परिवर्तनले बढाएको हो? तापक्रम वृद्धि, हिमनदीको अवस्था, हिमतालको अस्थिरता र चरम मौसमबीचको सम्बन्ध कति बलियो छ? यस्ता प्रश्नको वैज्ञानिक उत्तरबिना अन्तर्राष्ट्रिय क्षतिपूर्तिको दाबी कमजोर हुन्छ। त्यसैले नेपालले जलवायु कारण निर्धारणसम्बन्धी अध्ययनमा लगानी गर्नुपर्छ। कूटनीतिमा भावनाले सहानुभूति त प्राप्त गर्न सकिन्छ तर दाबी गर्न प्रमाण चाहिन्छ। नेपालले हरेक ठूलो विपद्पछि प्रस्तुत गर्न सकिने वैज्ञानिक र आर्थिक 'क्षतिपूर्ति दाबीसम्बन्धी दस्तावेज' तयार गरेर हानि तथा नोक्सानीलाई नेपालको जलवायु कूटनीतिको मुलमुद्दा बनाउनुपर्छ। र संयुक्त राष्ट्रसंघीय जलवायु प्रक्रियामा हानि तथा नोक्सानी सम्बन्धी वित्तीय संयन्त्रबाट नेपालले लाभ लिन सक्ने गरी आफ्नो संस्थागत क्षमता निर्माण गर्नुपर्छ। अनि, जलवायु वित्तलाई नयाँ परियोजना वा ऋण प्राप्त गर्ने अवसरका रूपमा मात्र पनि हेर्नु हुँदैन। भूगर्भविद् श्रीकमल द्विवेदीका अनुसार त्यो वित्त जलवायुजन्य प्रकोप न्यूनीकरणमा लगाउनु पर्छ। अन्यथा फेरि नीति निर्माणका नाममा दुरुपयोग हुने खतरा छ। नेपालले हतारमा यसलाई राजनीतिक मुद्दा बनाइहाल्ने भन्दा पनि अन्तर्राष्ट्रिय कानुनविद्, जलवायु वैज्ञानिक, अर्थशास्त्री, कूटनीतिज्ञ र विश्वविद्यालयहरूलाई समेटेर जलवायु कानुनी कार्यदल गठन गर्नु आवश्यक भएको उनको तर्क छ। यो कार्यदलले कानुनी दायित्व, वैज्ञानिक कारण निर्धारण र आर्थिक क्षतिको सम्बन्ध स्थापित गरेपछि नेपालले अदालतमा नजाने निर्णय नै गरे पनि विश्वसनीय कानुनी रणनीति आफैंमा एउटा कूटनीतिक शक्ति बन्छ। अन्तर्राष्ट्रिय वार्तामा शक्ति केवल ठूलो अर्थतन्त्रबाट मात्र आउँदैन। प्रमाण, कानुनी तयारी र वैकल्पिक रणनीतिबाट पनि आउँछ।

द्विवेदीका अनुसार हिमनदी र हिमताल निगरानी, पूर्वसूचना प्रणाली, जलवायु अनुसन्धान, जोखिमयुक्त पूर्वाधारको पुनर्निर्माण, समुदायको पुनर्स्थापना र अपरिहार्य हानि तथा नोक्सानीको वित्तीय सम्बोधनसम्म यसको दायरा फैलाएर अझ चीन र भारतसँगको कूटनीतिक सम्बन्धलाई पनि जलवायु सुरक्षाको दृष्टिले पुनः परिभाषित गर्नु आजको आवश्कता हो। हमालका नदी, हिमनदी, हिमताल र पहिरोले राजनीतिक सीमा चिन्दैनन्। त्यसैले वास्तविक समयमा सूचना आदानप्रदान, हिमनदी तथा हिमताल निगरानी, नदी बेसिन व्यवस्थापन, पूर्वसूचना र सीमापार अनुसन्धानका लागि नयाँ क्षेत्रीय संयन्त्र आवश्यक छ।

# नेपालमा कम्युनिस्ट सिद्धान्त र आन्दोलन



ऋषिकेश यादव

कम्युनिस्ट सिद्धान्तका मुख्य व्यक्तित्वका रूपमा कार्ल मार्क्स, लेनिन र माओलाई लिइन्छ। यी तीनै चिन्तकका विचारमा समानता भए पनि तिनको व्याख्या र प्रयोगको सन्दर्भमा भिन्नता पाइन्छ। कार्ल मार्क्सले वर्गविहीन, राज्यविहीन र शोषणमुक्त समाजको परिकल्पना गरेका छन्। लेनिनले उत्पादनका साधनहरू, जस्तै जग्गा, कलकारखाना आदिमा सामूहिक स्वामित्व र वर्गहीन समाज स्थापनाका लागि संगठित क्रान्तिकारी शक्तिको आवश्यकतामा जोड दिएका छन्। माओले कम्युनिस्टहरू जनतासँग निरन्तर जोडिनुपर्ने र जनताको हितलाई राजनीतिको केन्द्रमा राख्नुपर्ने विचार अघि सारे। उनको राजनीतिक अभ्यासमा विद्रोह र सशस्त्र संघर्षलाई पनि महत्वपूर्ण माध्यमका रूपमा लिइयो।

कम्युनिस्ट आन्दोलनको प्रभाव सोभियत संघको क्रान्तिपछि विश्वका विभिन्न भागमा विस्तार हुँदै गयो। त्यसपछि चीनलगायत विभिन्न मुलुकमा कम्युनिस्ट आन्दोलन विकसित भयो। चीन हुँदै भारतमा पनि यसको प्रभाव परेको थियो। सोभियत संघ शक्तिशाली अवस्थामा रहँदा विश्व राजनीतिमा कम्युनिस्ट विचारधाराको प्रभाव उल्लेखनीय थियो। समयक्रममा यही विचारधाराको प्रभाव नेपालमा पनि देखिन थाल्यो।

नेपालमा कम्युनिस्ट आन्दोलनको विकास तत्कालीन सामाजिक, आर्थिक र राजनीतिक परिस्थितिसँग जोडिएको थियो। राणा शासन तथा राजतन्त्रका विभिन्न चरणमा राजनीतिक अधिकार, सामाजिक समानता र आर्थिक न्यायका प्रश्न उठिरहेका थिए। यस्ता परिस्थितिमा उत्पीडित तथा पछाडि पारिएका वर्ग र समुदायबीच कम्युनिस्ट विचारले आफ्नो आधार विस्तार गर्दै गयो। विस्तारै कम्युनिस्ट आन्दोलन देशका विभिन्न भागमा फैलियो।

नेपालको सन्दर्भमा मार्क्सवाद, लेनिनवाद र माओवादको चर्चा महत्वपूर्ण छ। नेपालमा कम्युनिस्ट पार्टीको स्थापनामा कमरेड पुष्पलाल श्रेष्ठको महत्वपूर्ण भूमिका रहेको मानिन्छ। उहाँले नेपालमा कम्युनिस्ट विचारलाई संगठित राजनीतिक आन्दोलनका रूपमा अघि बढाउन महत्वपूर्ण योगदान गर्नुभयो। त्यसपछि नेपाली कम्युनिस्ट आन्दोलनमा विभिन्न विचारधारा, कार्यदिशा र राजनीतिक रणनीतिका आधारमा विभिन्न धारहरू विकसित हुँदै गए।

मार्क्सवाद-लेनिनवाद र माओवादबीच राजनीतिक संघर्षको स्वरूप र परिवर्तनको बाटोबारे फरक दृष्टिकोण देखिन्छ। मार्क्सवाद-लेनिनवादको नेपाली राजनीतिक अभ्यासले विभिन्न समयमा शान्तिपूर्ण तथा संसदीय राजनीतिक प्रक्रियालाई प्राथमिकता दिएको देखिन्छ भने माओवादबाट प्रभावित धारले सशस्त्र संघर्षलाई परिवर्तनको महत्वपूर्ण माध्यमका रूपमा अघि बढायो। यही फरक राजनीतिक दृष्टिकोणका कारण नेपाली कम्युनिस्ट आन्दोलनभित्र विभिन्न धार र संगठनहरू निर्माण भए।

नेपालमा नेकपा (मार्क्सवादी) को नेतृत्व भरतमोहन अधिकारीले गर्नुभयो भने नेकपा (माले) को नेतृत्व सी.पी. मैनालीले गर्नुभएको थियो। विभिन्न राजनीतिक उतारचढावपछि नेकपा (मार्क्सवादी) र नेकपा (माले) बीच एकता भयो र नेकपा (एमाले) को निर्माण भयो। नेकपा (एमाले) को राजनीतिक विकासमा कमरेड मदन भण्डारीको महत्वपूर्ण भूमिका रह्यो। उहाँले 'जनताको बहुदलीय जनवाद'को सिद्धान्त अघि सार्नुभयो। यसले कम्युनिस्ट आन्दोलनलाई बहुदलीय राजनीतिक प्रतिस्पर्धा र लोकतान्त्रिक प्रक्रियासँग जोड्ने प्रयास गर्‍यो। सिद्धान्तका रूपमा स्थापित भएको यो अवधारणा व्यवहारमा कति प्रभावकारी रूपमा कार्यान्वयन भयो भन्ने विषय भने राजनीतिक बहसको विषय रहँदै आएको छ।

अर्कोतर्फ, नेकपा माओवादीले सशस्त्र संघर्षको बाटो रोज्यो। उक्त संघर्ष करिब दस वर्षसम्म चल्यो। यस आन्दोलनले राज्यको पुनर्संरचना, संघीयता लगायतका राजनीतिक विषयलाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो। जनआन्दोलन र शान्ति प्रक्रियापछि नेकपा माओवादी मूलधारको राजनीतिमा प्रवेश गर्‍यो र सरकारमा समेत सहभागी भयो। तर सशस्त्र संघर्षका क्रममा प्रस्तुत गरिएका राजनीतिक आदर्श र सरकार तथा संसदीय राजनीतिमा प्रवेश गरेपछि देखिएको व्यवहारबीचको अन्तरबारे विभिन्न प्रश्न उठे। यसले कम्युनिस्ट राजनीतिक शक्तिहरूको कार्यशैली र प्रतिबद्धतामाथि बहस गर्ने आधार पनि तयार गर्‍यो।

नेपालमा कम्युनिस्ट आन्दोलनको एउटा महत्वपूर्ण आधार किसान, मजदुर र श्रमजीवी वर्गमाथि हुने आर्थिक तथा सामाजिक विभेद र शोषणको विरोध थियो। पुँजीवादी व्यवस्थामा श्रमको उचित मूल्य, उत्पादनका साधनमाथिको पहुँच र आर्थिक अवसरमा असमानता रहेको कम्युनिस्ट विचारको मूल आलोचना थियो। किसान, मजदुर र श्रमजीवी वर्गले आफ्नो श्रमको उचित मूल्य र सम्मान पाउनुपर्छ तथा समाजमा समान अधिकार र अवसर स्थापित हुनुपर्छ भन्ने उद्देश्यले कम्युनिस्ट आन्दोलन अघि बढेको थियो। नेपालको राजनीतिक परिवर्तनका विभिन्न चरणमा कम्युनिस्ट शक्तिहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरे। अन्ततः नेपालमा गणतन्त्र स्थापना भयो।

कम्युनिस्ट संगठनलाई बलियो बनाउने उद्देश्यसहित वि.सं. २०७४ सालमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भयो। एकतापछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन भयो र झन्डै दुईतिहाइको बहुमतसहित कम्युनिस्ट नेतृत्वको सरकार बन्यो। यस घटनाले राजनीतिक स्थायित्व र आर्थिक-सामाजिक परिवर्तनका सम्बन्धमा ठूलो अपेक्षा सिर्जना गरेको थियो। तर पार्टीभित्र उत्पन्न नेतृत्वगत विवाद, शक्ति संघर्ष र आन्तरिक असहमतिको परिणामस्वरूप नेकपा विभाजित भयो। यस घटनाले नेपाली कम्युनिस्ट आन्दोलनमा पार्टी एकता, नेतृत्व शैली र राजनीतिक संस्कारबारे गम्भीर बहस जन्मायो।

कम्युनिस्ट नेतृत्वमाथि उठ्ने अर्को महत्वपूर्ण प्रश्न सिद्धान्त र व्यवहारबीचको दूरी हो। किसान, मजदुर र श्रमजीवी वर्गका पक्षमा आवाज उठाउने राजनीतिक प्रतिबद्धता र सत्तामा पुगेपछि अपनाइने व्यवहारबीच कति समानता छ भन्ने प्रश्न निरन्तर उठ्दै आएको छ। कम्युनिस्ट दलहरूले पुँजीवादी प्रवृत्तिको आलोचना गर्दै आए पनि उनीहरू स्वयं सत्ता, स्रोत र राजनीतिक अवसरको व्यवस्थापनमा त्यसै प्रकारका प्रवृत्तिबाट कति अलग रहन सके भन्ने विषय पनि आलोचनाको विषय बनेको छ।

नेपालमा कम्युनिस्ट आन्दोलनको वर्तमान अवस्थालाई हेर्दा यसको उपलब्धि र कमजोरी दुवै पक्षबाट मूल्याङ्कन गर्नुपर्ने देखिन्छ। राजनीतिक परिवर्तनमा कम्युनिस्ट शक्तिहरूको योगदानलाई अस्वीकार गर्न सकिँदैन। तर किसान, मजदुर र श्रमजीवी वर्गका आर्थिक तथा सामाजिक समस्या पूर्ण रूपमा समाधान हुन नसकेको तथ्य पनि उत्तिकै महत्वपूर्ण छ। राजनीतिक परिवर्तनपछि पनि आर्थिक असमानता, रोजगारीको समस्या, श्रमको उचित मूल्य र किसानका उत्पादनसँग सम्बन्धित समस्या कायम रहनुले कम्युनिस्ट आन्दोलनले उठाएका मूल प्रश्नहरू अझै सान्दर्भिक रहेको देखाउँछ।

यस अवस्थामा नेपाली कम्युनिस्ट आन्दोलनले आफ्नो विगतको समीक्षा गर्नुपर्ने आवश्यकता देखिन्छ। नेतृत्वका कमजोरी, आन्तरिक विवाद, सत्ता केन्द्रित राजनीति र जनतासँगको दूरीबारे आत्मालोचना गर्नु आवश्यक छ। त्यससँगै कम्युनिस्ट आन्दोलनले आफ्नो मूल उद्देश्य र वर्तमान राजनीतिक व्यवहारबीचको सम्बन्धलाई पनि पुनः परीक्षण गर्नुपर्ने हुन्छ। सत्ता प्राप्ति मात्र राजनीतिक सफलताको मापदण्ड नभई किसान, मजदुर, श्रमजीवी तथा आम नागरिकको जीवनमा कस्तो परिवर्तन ल्याउन सकियो भन्ने प्रश्नलाई केन्द्रमा राख्न सके मात्र कम्युनिस्ट आन्दोलनको राजनीतिक औचित्य र जनविश्वासलाई दीर्घकालीन रूपमा बलियो बनाउन सकिनेछ।

निष्कर्षमा नेतृत्वहरुले गरेको गल्तीलाई सुधार गरेर जाने हो भने किसान, मजदुर र श्रमजीवी वर्गले माफी दिन सक्नेछ। व्यक्तिमा भन्दा पनि संगठनलाई लिएर जाने हो भने कम्युनिस्ट विचार यथावत राख्न सकिन्छ। व्यक्ति भन्दा पनि संगठनको निर्णयलाई विशेष प्राथमिकता दिनुपर्छ। जहिले पनि किसान, मजदुर र श्रमजीवी वर्गको कुरालाई प्राथमिकतामा राखेर अगाडि जानुपर्छ। आदि कुरा गर्‍यो भने मात्रै विश्वास गर्छ।

## भरत दाहाल पक्राउको एमालेद्वारा विरोध

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का सचिव महेश बस्नेतले 'ग्रे जोन' प्रतिवेदनको विषयमा टिप्पणी गरेकै आधारमा विश्लेषक भरत दाहाललाई पक्राउ गरिएकोमा आपत्ति जनाएको छ । सरकारको उक्त कदम अधिनायकवादी र प्रतिशोधपूर्ण भएको आरोपसमेत एमालेले लगाएको छ ।

पत्रकारहरूसँग कुराकानी गर्दै नेता बस्नेतले दाहालको गिरफ्तारी प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को सचिवालयको निर्देशनमा भएको जिकिर गरे । उनले 'चोरको खुट्टा काट भन्दा चोरले खुट्टा उचालेजस्तै' गरी बालेनले दाहाललाई पक्राउ गराएको टिप्पणी गरे ।

'ग्रे जोनको रिपोर्ट गलत हो भने उहाँहरूले गलत हो भनेर पुष्टि गर्नुपर्‍यो, सफाइ र स्पष्टीकरण दिनुपर्‍यो,' बस्नेतले भने, 'भित्रभित्र अनियमित काम गर्ने अनि त्यसको विरुद्ध प्रश्न उठाउनेलाई गिरफ्तार गरेर आफ्नो निरङ्कुश र प्रतिशोधपूर्ण चरित्र देखाइएको छ ।'

नेता बस्नेतले उक्त प्रतिवेदनले धेरै कुरा स्पष्ट पारेको दाबी गर्दै नेपालविरुद्ध साम्राज्यवादी शक्तिहरूले यहाँका केही व्यक्तिहरूलाई प्रयोग गरेको गम्भीर लगाए ।

सो प्रतिवेदनमा बालेन्द्र साह, रवि लामिछाने, सुदन गुरुङ लगायतको नाम मुछिएकोले उनीहरूमाथि गम्भीर प्रश्न उठेको र यसको जवाफ उनीहरूले दिनुपर्ने बस्नेतको भनाइ छ ।

नेता बस्नेतले विदेशी शक्तिबाट ४ अर्ब रूपैयाँ लिएर मुलुकका प्रमुख निकायहरू सिंहदरबार, सर्वोच्च अदालत र संसद् जलाउने तथा देशलाई ध्वस्त पार्ने षड्यन्त्र भएको आरोपसमेत लगाए ।

राष्ट्रघाती अपराध र षड् यन्त्रमा संलग्नहरूलाई कानुनी दायरामा ल्याएर कडाभन्दा कडा सजाय दिनुपर्ने र जनताले त्यस्ता तत्वहरूलाई बहिस्कार गर्नुपर्ने उनले बताए ।

# 'डिजिटल' रूपान्तरणलाई शासन, विकास र राष्ट्र निर्माणसँग जोड्नुपर्छः सञ्चारमन्त्री




ललितपुर । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपालले डिजिटल रूपान्तरणलाई प्रविधिको विस्तार, सरकारी सेवाको आधुनिकीकरण र कार्यक्षमता अभिवृद्धिमा मात्र सीमित नगरी विपद् तथा सङ्कटका समयमा समेत उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ ।

आइसिटी फाउन्डेसन नेपालद्वारा आइतबार यहाँ आयोजित 'डिजिटल नेपाल कन्क्लेभ'मा उहाँले नागरिकलाई निरन्तर सेवा, सूचना र सञ्चार उपलब्ध गराउन सक्नेगरी दिगो एवं उत्थानशील डिजिटल प्रणालीको निर्माणमा सरकारले जोड दिएको बताउनुभयो ।

भोटेकोशी बाढीबाट समुदाय र भौतिक पूर्वाधारमा पुर्‍याएको क्षतिसँगै नेपालको सूचना प्रणाली, सञ्चार सञ्जाल, संस्थागत समन्वय र राष्ट्रिय तयारीको परीक्षण भएको विचार व्यक्त गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले पछिल्ला वर्षहरूमा डिजिटल रूपान्तरणलाई मुख्यतः सुविधा, दक्षता र आधुनिकीकरणसँग जोडेर हेर्ने गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हालैको विपद् अनुभवले डिजिटल प्रणालीको निरन्तरता, विश्वसनीयता र सङ्कट प्रतिकार्य क्षमतालाई समान प्राथमिकता दिनुपर्ने आवश्यकता देखाएको छ ।"

भोटेकोशीबाट जनधनको अकल्पनीय क्षति भएको सुनाउँदै सञ्चारमन्त्री तिमिल्सिनाले विपद् व्यवस्थापनमा सरकार उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणलगायत कामलाई प्राथमिकताका साथ अघि बढाइरहेको बताउनुभयो ।

विपद्को अुनभवले भौतिक पूर्वाधारको संरक्षणसँगै सूचना तथा सञ्चार प्रणालीको सुदृढीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने देखाएको उहाँको भनाइ थियो ।

उहाँले सङ्कटका समयमा सूचना पूर्वाधारजत्तिकै महत्वपूर्ण हुने, सञ्चार यातायातजत्तिकै आवश्यक पर्ने, विश्वसनीय तथ्याङ्क निर्णय प्रक्रियाको आधार बन्ने र सार्वजनिक विश्वास प्रविधिको प्रभावकारितासँग प्रत्यक्ष रूपमा जोडिने बताउनुभयो ।

"भोटेकोशी बाढीले हाम्रो भौतिक पूर्वाधारको मात्र परीक्षण गरेन । यसले हाम्रा सूचना प्रणाली, सञ्चार सञ्जाल, संस्थाहरूबीचको समन्वय र तीव्र रूपमा परिवर्तन भइरहेको विश्वका लागि हाम्रो सामूहिक तयारीको समेत परीक्षण गर्‍यो", सञ्चारमन्त्री तिमिल्सिनाले भन्नुभयो ।

डिजिटल रूपान्तरणको आगामी चरणमा सरकारले विपद् प्रतिकार्य, सूचना व्यवस्थापन र नागरिकको सार्वजनिक सेवामा पहुँचलाई एकीकृत रूपमा अघि बढाउने जानकारी दिँदै उहाँले नेपालका डिजिटल प्रणालीले सामान्य दिनमा मात्र नभई सबैभन्दा कठिन परिस्थितिमा पनि नागरिकको आवश्यकता सम्बोधन गर्न सक्ने क्षमता विकास गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सरकारले सङ्कटकालीन सूचना सम्प्रेषण, संस्थागत समन्वय, अत्यावश्यक सेवामा पहुँच र गलत सूचनाको पहिचानजस्ता विषयलाई डिजिटल शासनका आधारभूत पक्षका रूपमा विकास गर्नेगरी काम गरिरहेको सञ्चारमन्त्री तिमिल्सिनाले बताउनुभयो ।

"नेपाललाई डिजिटल रूपान्तरण मात्र होइन, दिगो र उत्थानशील डिजिटल रूपान्तरण आवश्यक छ । अबको प्रश्न हाम्रा डिजिटल प्रणालीले नागरिकलाई सबैभन्दा बढी आवश्यक परेको समयमा निरन्तर सेवा दिन सक्छन् कि सक्दैनन् भन्ने हो", उहाँले भन्नुभयो, "के सरकारले सङ्कटका समयमा प्रभावकारी रूपमा सञ्चार गर्न सक्छ ? के संस्थाहरूले वास्तविक समयमा समन्वय गर्न सक्छन् ? के सामान्य प्रणाली अवरुद्ध हुँदा नागरिकले अत्यावश्यक सेवा र सूचना प्राप्त गर्न सक्छन् ? गलत सूचना सत्यभन्दा छिटो फैलिँदा हामी तथ्य र अफवाहबीच फरक छुट्याउन सक्छौँ ? यी अब सैद्धान्तिक प्रश्न मात्र रहेनन् । यी राष्ट्रिय प्राथमिकताका विषय बनेका छन् ।"

सञ्चारमन्त्री तिमिल्सिनाले डिजिटल शासन, विपद् प्रतिकार्य, तथ्याङ्क आदानप्रदान, डिजिटल सार्वजनिक सेवा, कृत्रिम बौद्धिकता, तथ्याङ्क सम्प्रभुता र डिजिटल अर्थतन्त्रलाई अलग-अलग विषयका रूपमा मात्र नहेरी राष्ट्रिय क्षमता निर्माणसँग जोड्नुपर्ने बताउनुभयो ।

नेपाललाई सबै परिस्थितिमा सक्षम र उत्तरदायी बनाउने उद्देश्यका लागि डिजिटल प्रणाली, शासन संरचना र सार्वजनिक सेवा प्रवाहबीच प्रभावकारी समन्वय आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले नेपालको डिजिटल विकासको आगामी चरणलाई मार्गदर्शन गर्न पाँचवटा प्रमुख प्राथमिकता प्रस्तुत गर्नुभयो । उहाँले सूचना विश्वसनीयता र सार्वजनिक विश्वास, भरपर्दो तथा समावेशी कनेक्टिभिटी, सरकारी निकायबीच अन्तरसञ्चालन क्षमता, नागरिककेन्द्रित डिजिटल सेवा तथा कृत्रिम बौद्धिकता र तथ्याङ्क शासनको जिम्मेवार प्रयोगलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

वर्तमान डिजिटल युगमा सूचना आफैं महत्वपूर्ण पूर्वाधारका रूपमा स्थापित भएको उल्लेख गर्दै सञ्चारमन्त्री डा तिमिल्सिनाले सूचना अविश्वसनीय हुँदा सार्वजनिक विश्वास कमजोर हुने र त्यसको असर संस्थागत क्षमतामा पर्ने बताउनुभयो । उहाँले डिजिटल भविष्यको आधार तथ्यपरकता, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक विश्वासमा निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

गलत सूचना र अफवाहले सङ्कटका समयमा नागरिकमा अनिश्चितता बढाउन सक्ने भएकाले सूचना प्रणालीलाई विश्वसनीय, जिम्मेवार र उत्तरदायी बनाउनुपर्ने उहाँको भनाइ थियो । सार्वजनिक संस्थाहरूको प्रभावकारिता नागरिकको विश्वाससँग सम्बन्धित हुने भएकाले सूचना प्रवाहमा सत्यता र पारदर्शिता कायम गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

डिजिटल समावेशिता सहरी क्षेत्रहरूमा मात्र सीमित हुन नहुने बताउनुहुँदै सञ्चारमन्त्री तिमिल्सिनाले दुर्गम हिमाली क्षेत्र, ग्रामीण भेग र विपद् प्रभावित स्थानमा रहेका नागरिकलाई समेत आवश्यक समयमा सञ्चार तथा डिजिटल सेवामा पहुँच सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

सरकारी निकायमा रहेका तथ्याङ्क तथा सूचनालाई संस्थागत सीमाभित्र मात्र सीमित नराखी सेवा प्रवाह, समन्वय र निर्णय प्रक्रियामा प्रभावकारी रूपमा उपयोग गर्नुपर्ने पनि सञ्चारमन्त्री तिमिल्सिनाले बताउनुभयो ।

विभिन्न सरकारी प्रणालीबीच अन्तरसञ्चालन क्षमता विकास गर्न सकेमा सूचना आदानप्रदान, संस्थागत समन्वय र नागरिक सेवाको प्रभावकारिता बढाउन सकिने उहाँको भनाइ थियो ।

तथ्याङ्क तथा सूचना विभिन्न संस्थागत संरचनामा अलग-अलग रूपमा सीमित रहँदा सेवा प्रवाहमा दोहोरोपन र समन्वयको समस्या उत्पन्न हुन सक्ने भएकाले एकीकृत प्रणालीको विकास आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

प्रविधि आफैँमा अन्तिम उद्देश्य नभई नागरिकको जीवन सहज बनाउने माध्यम भएको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री तिमिल्सिनाले डिजिटल सेवाले नागरिकलाई सहज, समान र प्रभावकारी रूपमा सेवा उपलब्ध गराएको छ कि छैन भन्ने आधारमा डिजिटल शासनको मूल्याङ्कन हुनुपर्ने समेत धारणा राख्नुभयो । सेवा प्राप्त गर्न लाग्ने समय, पहुँचको सहजता, नागरिकको आवश्यकता र प्रणालीको प्रभावकारितालाई केन्द्रमा राखेर डिजिटल सार्वजनिक सेवा विकास गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले शिक्षा, स्वास्थ्य, आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र विपद् तयारीका क्षेत्रमा कृत्रिम बौद्धिकताले महत्वपूर्ण अवसर सिर्जना गर्न सक्ने बताउनुभयो । तर प्रविधिको विकाससँगै नैतिक सुरक्षा, उत्तरदायित्व, तथ्याङ्क संरक्षण र सार्वजनिक विश्वास कायम गर्ने व्यवस्था आवश्यक हुने उहाँको भनाइ थियो ।

कृत्रिम बुद्धिकता तथा तथ्याङ्कको प्रयोगलाई नागरिक हित र सार्वजनिक उत्तरदायित्वसँग जोड्नुपर्ने उल्लेख गर्दै उहाँले प्रविधिको विकासका क्रममा सुशासन तथा नागरिक अधिकारको संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले डिजिटल रूपान्तरणलाई प्रविधि विकासको परियोजनामा मात्र सीमित गर्न नहुने पनि बताउनुभयो । "डिजिटल रूपान्तरण केवल प्राविधिक परियोजना होइन । यो शासनको परियोजना हो । यो विकासको परियोजना हो । र अन्ततः यो राष्ट्र निर्माणको परियोजना हो । सूचना तथा सञ्चार मन्त्रालय सञ्चार प्रणाली सुदृढीकरण, सूचनामा सार्वजनिक पहुँच सुधार, सूचना विश्वसनीयताको प्रवर्द्धन र अझ बढी सम्पर्कयुक्त तथा उत्थानशील नेपाल निर्माणका लागि प्रतिबद्ध छ । हामी सरकारी निकाय, निजी क्षेत्र, प्राज्ञिक समुदाय, नवप्रवर्तनकर्ता, विकास साझेदार र नागरिकसहित सबै सरोकारवालासँग सहकार्य गर्दै यस दृष्टिकोणलाई अघि बढाउनेछौँ", सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो ।

उहाँले डिजिटल नेपालको निर्माणलाई बहुपक्षीय सहकार्यमा आधारित अभियानका रूपमा अघि बढाउनुपर्नेसमेत बताउनुभयो । सरकारी नीति तथा संस्थागत क्षमता, निजी क्षेत्रको प्रविधि विकास, प्राज्ञिक समुदायको अनुसन्धान, नवप्रवर्तनकर्ताको सिर्जनशीलता तथा नागरिकको सहभागिताबीच समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो । सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार प्रणाली सुदृढीकरण, सार्वजनिक सूचनामा पहुँच, सूचना विश्वसनीयता र डिजिटल समावेशिताका क्षेत्रमा सरकारले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले सञ्चार, शासन, तथ्याङ्क प्रणाली, सार्वजनिक सेवा र डिजिटल पूर्वाधारका क्षेत्रमा आज गरिने निर्णयले नेपालको आर्थिक तथा सामाजिक विकाससँगै भविष्यमा संकटको सामना गर्ने क्षमतालाई समेत प्रभावित गर्ने बताउनुभयो ।

"भोटेकोशीको अनुभवले हामीलाई एउटा आधारभूत कुरा सम्झाएको छ । डिजिटल प्रगतिको वास्तविक मापन सामान्य दिनमा प्रणालीले कति राम्रो काम गर्छ भन्ने होइन । हाम्रो सबैभन्दा कठिन दिनमा ती प्रणालीले कति राम्रोसँग काम गर्छन् भन्ने हो । सञ्चार, शासन, तथ्याङ्क प्रणाली, सार्वजनिक सेवा र डिजिटल पूर्वाधारका क्षेत्रमा हामीले आज गर्ने निर्णयले नेपाल कसरी विकास गर्छ भन्ने मात्र निर्धारण गर्नेछैन, नेपालले कठिन परिस्थितिमा कसरी उत्कृष्ट काम भन्ने कुरा पनि निर्धारण गर्नेछ ।", उहाँले भन्नुभयो । रासस

# 'कालापत्थरमा बैठक बस्दा दुई मन्त्रीलाई बचाउन धौधौ भो'

टुडे समाचारदाता



काठमाण्डु । नेपला कम्युनिष्ट पार्टी(नेकपा) का सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जलवायू परिवर्तनको प्रभावका सम्बन्धमा विश्व समुदायको ध्यानाकर्षण गर्न आफूले अहम् भूमिका खेलेको बताएका छन् ।

यसै सिलसिलामा आफू प्रधानमन्त्री छँदा २०६६ सालमा सगरमाथाको कालापत्थरमा आयोजना गरेको एतिहासिक मन्त्रीपरिषद बैठक पनि उनले सम्झिएका छन् ।

जलवायू परिवर्तनसम्बन्धी एक अन्तरक्रियामा आइतबार बोल्दै सहसंयोजक नेपालले उक्त बैठकका केही किस्सा सुनाए । तत्कालीन बन मन्त्री स्व. दीपक बोहरा र कानूनमन्त्री प्रेमबहादुर सिंहले निकै महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ छ ।

तर दुई जना मन्त्रीहरुको ज्यान जोगाउन भने हम्मेहम्मे परेको सहसंयोजक नेपालले बताए ।

कालापत्थर बैठकबारे पूर्वप्रधानमन्त्री नेपालको स्मृति उनकै शब्दमाः

अन्तर्राष्ट्रिय समुदायको बिचमा जब हामीले आवाज बुलन्द गर्‍यौं, सगरमाथाको शिखरमा, त्यसको बेसक्याम्पमा हामी पुग्ने निर्णयमा पुग्यौं । त्योभन्दा पहिले सेप्टेम्बरमा भएको थियो यूएनको महासभा । त्यसमा मैले सम्बोधन गरेँ । त्यस बेलामा संयुक्त राष्ट्र सङ्घका महासचिवले पनि एउटा कार्यक्रमको आयोजना गर्नुभएको थियो, त्यहाँ पनि आवाज उठाइयो । त्यो आवाज उठाइसकेपछि हामीले यो सगरमाथाको बेसक्याम्पमा एउटा बैठक बसियो भने राम्रो हुन्छ भन्ने कुरा भयो । समुद्र भएको देशले पानीमुनि बैठक बस्छ भने, पहाड भएको देशले पहाडको टाकुरामा किन नबस्ने ? त्यो विचार आयो हाम्रो दिमागमा ।

र म यही बेलामा सम्झिन चाहन्छु, धन्यवाद दिन चाहन्छु, मेरा वनमन्त्री त्यो बेलामा थिए दीपक बोहराजी । उहाँले धेरै महत्वपूर्ण भूमिका खेल्नुभो । प्रेमबहादुर सिंहजी हुनुहुन्थ्यो अर्थ मन्त्री, कानुन मन्त्री त्यो बेलामा । अहिले यहाँ म फोटो हेर्दै थिएँ, त्यो बेलाको क्याबिनेट बैठकमा बसेको । उहाँ पनि एकदम हेरेर ताली बजाउँदै हुनुहुन्थ्यो, ढाकाटोपी लगाएर ।

त्यो बेलामा हामीलाई त्यहाँ जानका लागि डाक्टरले रोक लगाउन खोजेका थिए । नजानुस् भनेका थिए । १७ हजार फिट माथि गएपछि अक्सिजनको कमी हुन्छ । अक्सिजनको कमी भएपछि मान्छे मर्छन् । त्यसो भएको हुनाले त्यहाँ जाने काम नगर्नुस् भने ।

किनभने म तिब्बतको ल्हासामा पुग्दा त स्वाँ स्वाँ गरेर हैरान भएको थिएँ । अनि १७ हजार फिटमा जाँदा के पो होला भन्ने पनि चिन्ता थियो । तर सञ्जोग के भो भने मलाई त्यहाँ केही पनि भएन । डाक्टरलाई ठीक छ भन्यौं, दुई घण्टा त्यहाँ बसिदिएउँ हामी ।

तर के भयो थाहा छ ? दुईजना मन्त्रीलाई त बचाउन हामीलाई हम्मे-हम्मे पर्‍यो । एउटा मन्त्री भन्नुहुन्छ, 'म मरेँ, मलाई सास फेर्न पनि गाह्रो भो' भनेपछि हेलिकप्टर तुरुन्तै ल्याएर उहाँलाई तल झारियो । उहाँ हुनुहुन्थ्यो सुजाता कोइराला । अर्को मन्त्री हुनुहुन्थ्यो महोत्तरीको महेन्द्र यादव । उहाँ पनि 'हम तो मर्ली, बापरे बाप' भन्न थालेपछि हेलिकप्टर राखेर उहाँलाई पनि तल झारियो ।

बाँकी हामी त्यहाँ सबै बस्यौँ दुई घण्टासम्म । क्याबिनेटको बैठक बस्यो र त्यहाँ एउटा घोषणा जारी गर्‍यौं । त्यसलाई भन्छन् सगरमाथा घोषणापत्र ।

सगरमाथा घोषणापत्र मात्रै होइन, त्यो बेलामा 'सेभ द हिमालयाज' भन्ने ब्यानर लिएर कोपनहेगन, जो कि डेनमार्कको राजधानी हो, त्यहाँ जुलुस... जुलुस नभनौं, प्रदर्शन भयो एउटा । सयौं मान्छेहरू त्यहाँ सहभागी भए ।

समिटियर्स समिट भनेर त्यसको नाम दिइयो । त्यसले पनि एउटा सन्देश के दियो भने बुद्धको देश नेपाल हो भनेर जसरी हामीले चिनाउँछौँ, त्यसैगरी सगरमाथाको देश नेपाल हो भनेर त्यहाँ नारा गुञ्जिन थाल्यो । त्यहाँ उनीहरूको माझमा मैले पनि सम्बोधन गरेँ ।

सम्बोधन गरेर जब कोप १५ मा मैले भाषण गर्न थालेपछि विश्वको ध्यान आकर्षित भयो । विश्वको ध्यान आकर्षित भएपछि मैले भनेँ कि तटीय देशको सङ्गठन बनाउन हुने, समुद्री देशहरूको सङ्गठन बनाउन हुने, अनि हिमाली देशको संगठन किन बनाउन नहुने ? आउनुस्, जो-जो हिमाली देशका हुनुहुन्छ, हामी एकताबद्ध बनौँ । एउटा कमिटी निर्माण गरौँ, एउटा संगठन बनाऔँ ।

विश्वमा ४६ वटा टापु देशहरू छन्, आइल्यान्ड स्टेटहरू ४६ वटा छन्, तटीय देशहरू १५० वटा छन्, हिमाली देशहरू झन्डै ५० वटा मात्रै छन् ।

यो ५० वटा भएको हिमाली देशले पनि पहल किन नगर्ने ? अल्पविकसित राष्ट्रहरू ४४ को संख्यामा छन्, तिनीहरूको आवाज पनि बुलन्द किन नगर्ने ?

# रास्वपा सचिवालय बैठकका ७ निर्णय

टुडे समाचारदाता



काठमाण्डु । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय सचिवालय बैठकले भोटेकोशी बाढीपीडितलाई शीघ्र राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराएको छ । यसका साथै विपद्का कारण स्थगित गरिएका पार्टीका सम्पूर्ण गतिविधिहरू पुनः सुचारु गर्ने निर्णय गरेको प्रवक्ता जगदीश खरेलले जानकारी दिएका छन् ।

पार्टी सभापति रवि लामिछानेको अध्यक्षतामा केन्द्रीय कार्यालय वनस्थलीमा सम्पन्न बैठकले समसामयिक राजनीति, संगठन विस्तार तथा विपद् व्यवस्थापनसम्बन्धी केही निर्णय गरेको छ ।

जसमा भोटेकोशी बाढीमा ज्यान गुमाएका तर पहिचान हुन नसकेका शवहरूको तत्काल डीएनए परीक्षण गर्न तथा बेपत्ता भएकाहरूको हकमा परिवारको सहमतिमा छिटो कानुनी प्रक्रिया पुर्‍याई मृत्यु प्रमाणपत्र उपलब्ध गराएर पीडित परिवारलाई राहत तथा सुविधा दिन सरकारसँग माग गरिएको छ ।

विपद्का कारण स्थगित गरिएका 'हामी सुन्छौँ' अभियान, ' नागरिक नीति र नेतृत्व' अभियान तथा स्थानीय तहका उम्मेदवार छनोट प्रक्रियालगायत सांगठनिक कार्यक्रमहरू अविलम्ब अघि बढाउने निर्णय गरिएको छ ।


पार्टीको केन्द्रीय अनुशासन आयोग, अन्तर्राष्ट्रिय सम्बन्ध विभाग र सार्वजनिक सेवा विभागमा समेत सदस्यहरू मनोनीत गरिएको छ ।

सो बैठकमा पार्टी उपसभापति तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफ्नो हालै सम्पन्न भारत भ्रमण तथा आर्थिक कूटनीतिका विषयमा ब्रिफिङ गरेका थिए । साथै, संयुक्त राष्ट्रसङ्घीय महासभामा सहभागी हुन जाने प्रधानमन्त्री तथा प्रतिनिधिमण्डललाई भोटेकोशी विपद्, बदलिँदो परिस्थिति र अन्तर्राष्ट्रिय मञ्चमा नेपालको भूमिकाका विषयमा केन्द्रित हुन नीतिगत निर्देशन/सुझाव दिइएको छ ।

सह-महामन्त्री हरि ढकालले मधेश प्रदेशको सांगठनिक अवस्था तथा कार्यसम्पादन अडिटको प्रारम्भिक प्रतिवेदन सो बैठकमा पेश गरेका छन् । सो प्रतिवेदनको विस्तृत अध्ययनपछि थप रणनीति तय गरिने रास्वपाले जनाएको छ ।

# एमाले पुनःगठन कार्यदलको एकीकृत प्रतिवेदन तयार गरिँदै

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) भित्र पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण र पुनःगठनका लागि गठित कार्यदलको एकीकृत प्रतिवेदन ल्याउन नेताहरूबीच सहमतिको प्रयास जारी रहेको छ ।



कार्यदलमा रहेका पदाधिकारीबीच गत भदौ २८ गते काभ्रेपलाञ्चोकको बल्थलीमा भएको छलफलका आधारमा प्रतिवेदनलाई एकीकृत गर्न लागिएको हो । कार्यदलको आज पार्टी केन्द्रीय कार्यालय, च्यासलमा भएको बैठकमा सहमतिका आधारमा एकीकृत प्रतिवेदन तयार गरेर सचिवायको बैठकमा पेस गर्ने समझदारी भएको एमालेका सचिव महेश बस्नेतले बताउनुभयो ।

सचिव बस्नेतले अध्यक्ष केपी शर्मा ओलीको आलोचना नगर्ने, राजीनामा नमाग्ने, पुनःगठनको कार्यसूचीका आधारमा विशेष महाधिवेशन नडाक्ने र वर्तमान सरकारका काम कारबाहीबारे छलफल गर्न राष्ट्रिय प्रतिनिधि परिषद् बोलाउन सकिने विषय प्रतिवेदनमा थप्नुपर्ने बताउनुभयो । उहाँले नेतृत्वको कार्यकाल, उमेर हदजस्ता विषयमा विधानमा गरिनुपर्ने संशोधनबारे नियमित विधान महाधिवेशनमा छलफल गर्ने र कार्यदललाई प्रदेशस्तरमा प्राप्त सुझावलाई प्रतिवेदनको अङ्गका रुपमा राख्ने विषयमा पनि कुराकानी भएको बताउनुभयो ।

एमालेका अर्का सचिव पद्मा अर्यालले एमालेभित्रको बदलिँदो मनोविज्ञान र परिस्थिति तथा पार्टीलाई एकताबद्ध बनाएर लान खुला ढङ्गले छलफल गरेर साझा प्रतिवेदन सचिवालयको बैठकमा पेस गरिने बताउनुभयो । उहाँले पार्टीभित्र नेतृत्व पुनःगठनको विषय प्रतिवेदनमा नआउने स्पष्ट गर्नुभयो ।

गत फागुन २१ गतेको निर्वाचनमा पार्टीको पराजय लगायतको समीक्षा गरेर पार्टी र जनताको सम्बन्ध सुधारका लागि आवश्यक रूपान्तरण र पुनःगठनका लागि सुझाव दिन गठित कार्यदलले प्रदेशस्तरमा पुगेर सुझाव सङ्कलन गरेको थियो । बल्थलीमा भएको बैठकले पार्टीका उपाध्यक्ष एवं कार्यदलका संयोजक रामबहादुर थापा, उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शङ्कर पोखरेललाई एकीकृत प्रतिवेदन ल्याउन जिम्मेवारी दिएको थियो ।

कार्यदलका लागि महासचिव पोखरेलबाट तयार गरिएको प्रतिवेदनमा पार्टीका उपाध्यक्ष एवं संयोजक थापाकै फरक प्रतिवेदन तयार भएपछि विवाद उत्पन्न भएको थियो । गत जेठ १० गते सम्पन्न एमालेको सचिवालयको आठौँ बैठकले उपाध्यक्ष थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो । गत जेठ २६ गते पार्टीका अध्यक्ष ओलीको उपस्थितिमा भएको कार्यदलको पहिलो बैठकले प्रदेशगत रूपमा सुझाव लिने कार्यतालिका बनाएको थियो । एमालेको केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक यही असोज ५, ६ र ७ गतेका लागि तोकिएको छ । रासस

# दक्षिण अफ्रिकी पत्रकार बेपत्ता

एएफपी । दक्षिण अफ्रिकी एक पत्रकार जिबुटीबाट बेपत्ता भएका उहाँको पारिवारिक श्रोतले जनाएको छ। उहाँको परिवारले एएफपीलाई यसबारे पुष्टि गर्दै उहाँको बेपत्ता भएको जानकारी विभिन्न अधिकारीहरूलाई दिइएको छ।

बेलायती नागरिकता पनि प्राप्त गरिसकेका माइका रेड्डी बिहीबार तोकिएको जिम्मेवारीका लागि जिबुटी जानुभएको थियो । शनिबार स्थानीय समयअनुसार दिउँसो १ बजेसम्म उहाँ सहकर्मीहरूसँग घण्टैपिच्छे सम्पर्कमा रहनुभएको थियो तर पछि उहाँसँगको सञ्चार विच्छेद भएको उहाँकी पत्नी निकोल बेअड्र्सवर्थले बताउनुभएको छ।

"उहाँको फोन उहाँ जिबुटी हुनुअघि उहाँ राजधानीको एउटा होटलमा बस्नुभएको थियो।

"उहाँले चर्को गर्मीको मौसमबारे कुरा गर्दै आफ्नो अन्तिम सन्देश हिजो बिहान छोड्नुभएको थियो," रेड्डीकी आमाले एएफपीसँग भन्नुभयो।

"उहाँले कुनै डर व्यक्त गर्नुभएन। त्यसैले हामी आशा गर्दैछौं कि यो जिबुटी सरकारको कुनै निकायले सोधपुछका लागि रोकेको हो र पछि छोडिनेछ," उहाँले भन्नुभयो।

परिवारले बताएअनुसार इन्टरपोल, बेलायती उच्च आयोग र दक्षिण अफ्रिकाको परराष्ट्र विभागसहित विभिन्न अधिकारीहरूलाई यसबारे जानकारी जारी गरिएको छ।



पुगेको चार घण्टापछि बन्द भयो", उहाँकी पत्नी बेअड्र्सवर्थले एएफपीसँग भन्नुभयो, "म धेरै चिन्तित छु।"

उहाँ आफ्ना स्थानीय सहयोगी फिक्सर कुकी महमुदसँगै बेपत्ता हुनुभएको बताइएको छ।

रेड्डी 'इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नालिस्ट्स'का अफ्रिकी समन्वयक हुनुहुन्छ। बेपत्ता

'कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सीपीजे)' ले जिबुटी अधिकारीहरूलाई 'तत्काल उनीहरूको अवस्था स्पष्ट गर्न र सुरक्षा सुनिश्चित गर्न' आग्रह गरेको छ।

एएफपीले सम्पर्क गर्दा सरकारी अधिकारीले यस मुद्दाबारे आफूहरू अनभिज्ञ रहेको बताएका छन् भने सत्तारूढ दलका एक वरिष्ठ सदस्यले यो 'सत्य होइन' भन्नुभयो।

# चीनद्वारा चार नयाँ राडार उपग्रह सफलतापूर्वक प्रक्षेपण



एएफपी । चीनले शनिबार चारवटा नयाँ उपग्रह सफलतापूर्वक अन्तरिक्षमा प्रक्षेपण गरेको छ। उत्तरी चीनको शान्सी प्रान्तस्थित ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रबाट यी उपग्रहहरू प्रक्षेपण गरिएका हुन्।

बेइजिङ समयअनुसार शनिबार साँझ ६ बजेर ५० मिनेटमा लङ मार्च-२डी वाहक रकेटमार्फत उपग्रहहरू प्रक्षेपण गरिएको थियो । प्रक्षेपणपछि चारवटै उपग्रह निर्धारित कक्षमा सफलतापूर्वक प्रवेश गरेको प्रक्षेपण केन्द्रले जनाएको छ।

प्रक्षेपण गरिएका उपग्रहहरू पाइसाट-२ शृ्ङ्खलाका १३ देखि १६ नम्बरका उपग्रह हुन्। यी सबै उपग्रहमा कृत्रिम एपर्चर राडार प्रविधि प्रयोग गरिएको छ । उक्त प्रविधिले पृथ्वीको सतहको तस्बिर तथा अन्य दूरसंवेदी तथ्याङ्क संकलन गर्न महत्वपूर्ण भूमिका खेल्छ।

यी उपग्रहहरू बेइजिङस्थित निजी उपग्रह निर्माण कम्पनी ग्यालेक्सी स्पेसले विकास गरेको हो । कम्पनीले विकास गरेका उपग्रहमा उच्च स्पष्टताका साथ पृथ्वीको सतह अवलोकन गर्न सक्ने उपकरणहरू जडान गरिएको बताइएको छ।

उपग्रहका प्रमुख डिजाइनर तुआन स्याओका अनुसार नयाँ उपग्रहहरूमा उच्च स्पष्टताका उपकरणसँगै बुद्धिमान प्रशोधन प्रणाली पनि राखिएको छ । यसका कारण उपग्रहले अन्तरिक्षमै संकलन गरेको दूरसंवेदी तथ्याङ्कलाई वास्तविक समयमा प्रशोधन गर्न सक्नेछ।

सामान्यतया उपग्रहले पृथ्वीबाट तथ्याङ्क संकलन गरेपछि त्यसलाई प्रशोधनका लागि पृथ्वीमा पठाउने गर्छ। तर नयाँ प्रविधिका कारण यी उपग्रहले केही तथ्याङ्कलाई अन्तरिक्षमै प्रशोधन गर्न सक्ने भएकाले आवश्यक सूचना प्राप्त गर्ने प्रक्रियालाई थप प्रभावकारी बनाउन सकिने बताइएको छ।

कृत्रिम एपर्चर राडार प्रविधिको अर्को महत्वपूर्ण विशेषता भनेको यसले प्रकाशको उपलब्धतामा मात्र निर्भर रहनु नपर्ने क्षमता हो। यस्तो प्रविधिबाट रातको समयमा तथा बादल लागेको अवस्थामा समेत पृथ्वीको सतहसम्बन्धी सूचना संकलन गर्न सकिन्छ। यसले भू-अवलोकन, प्राकृतिक स्रोतको निगरानी, विपद् व्यवस्थापन तथा अन्य दूरसंवेदी कार्यमा उपयोगी हुने अपेक्षा गरिएको छ।

प्रक्षेपणका लागि प्रयोग गरिएको लङ मार्च- २ डी दुई चरणको तरल इन्धनयुक्त वाहक रकेट हो । यस रकेटले ७०० किलोमिटर उचाइको सूर्यसमकालिक कक्षमा करिब १.३ टनसम्मको भार पुऱ्याउन सक्ने क्षमता राख्छ।

शनिबारको यो प्रक्षेपणसँगै चीनको लङ मार्च वाहक रकेट शृङ्खलाको कुल उडान संख्या ६६८ पुगेको छ। लङ मार्च रकेट शृङ्खला चीनको अन्तरिक्ष कार्यक्रमअन्तर्गत विभिन्न प्रकारका उपग्रह तथा अन्य अन्तरिक्ष उपकरणलाई कक्षमा पुऱ्याउन प्रयोग हुँदै आएको छ।

नयाँ उपग्रहहरूबाट प्राप्त हुने उच्च गुणस्तरको तथ्याङ्क र अन्तरिक्षमै तथ्याङ्क प्रशोधन गर्ने क्षमताले भविष्यमा चीनको स्मार्ट अन्तरिक्ष पूर्वाधार विकासमा सहयोग पुग्ने सम्बन्धित अधिकारीहरूले बताएका छन्।

विशेषगरी पृथ्वीको सतहको निरन्तर निगरानी, प्राकृतिक स्रोतको अध्ययन, वातावरणीय परिवर्तनको अवलोकन तथा विपद्का समयमा आवश्यक सूचना उपलब्ध गराउने क्षेत्रमा यस्ता उपग्रहको प्रयोग विस्तार हुन सक्ने अपेक्षा गरिएको छ।

# चेस ओलम्पियाडमा नेपालका दुवै टोलीको जित



**टुडे समाचारदाता**

काठमाण्डु। उज्बेकिस्तानको समरकन्दमा जारी ४६औं चेस ओलम्पियाडको चौथो चरणमा नेपालका दुवै टोलीले जित दर्ता गरेका छन्।

खुल्ला टोलीले टिमोर लिस्टेलाई ४-० ले तथा महिला टोलीले डोमिनिकन रिपब्लिकलाई ३-१ ले पराजित गरेका छन्।

टिमोर लिस्टेविरुद्ध नेपालका चारै खेलाडीले जित हात पारे। पहिलो बोर्डमा सीएम पुरुषोत्तम सिलवालले हेल्डर डि अराउजोलाई पराजित गरे।

दोस्रो बोर्डमा एफएम रुपेश जैसवालले पिन्टो एन्ड्राडेलाई हराएका थिए।

त्यस्तै, तेस्रो बोर्डमा सीएम सुश्रुत दाहालले पाउलो फर्नान्डेस डि कार्भालोलाई तथा चौथो बोर्डमा राजन सुवेदीले मारियो मेलो नासिमेन्टोलाई पराजित गरेका थिए। सो जितसँगै खुल्ला टोलीले ४ चरणबाट ४ अंक जोड्न सफल भएको छ।

महिला टोलीले पनि डोमिनिकन रिपब्लिकविरुद्ध ३-१ को जित निकालेको थियो । पहिलो बोर्डमा एन्जल महर्जन पराजित भए पनि त्यसपछि नेपालका ३ खेलाडीले लगातार जितेको थियो।

दोस्रो बोर्डमा कृतिसारा अधिकारीले डब्लूएफएम प्याट्रिसिया एभारिस्ता कास्टिलो पेनालाई पराजित गरिन्। तेस्रो बोर्डमा पूजा भण्डारीले डब्लूएफएम मेरी लोली गोन्जालेज पेगुएरोलाई हराइन्। चौथो बोर्डमा निहाना श्रेष्ठले पनि जित दर्ता गरेकी थिइन्।

डब्लूएफएम उपाधिप्राप्त खेलाडीविरुद्ध कृतिसारा र पूजाले हासिल गरेको जित महिला टोलीका लागि विशेष महत्वपूर्ण रह्यो। महिला टोलीले पनि ४ चरणबाट ४ अंक जोडेको छ।

नेपाल बुद्धिचाल महासंघले सञ्चालन गरेको बन्द प्रशिक्षण शिविर तथा तयारीको प्रभाव प्रतियोगितामा देखिएको महासंघले जनाएको छ।

खुल्ला टोलीलाई कजाकिस्तानका प्रशिक्षक आईएम किरिल कुदेरिनोभ तथा महिला टोलीलाई सीएम राजेन्द्र राजभण्डारीले प्रशिक्षण दिएका थिए।

महासंघले प्रतियोगिताअघि पदक लक्ष्यसहित तयारी गरेको जनाएको छ। चौथो चरणमा दुवै टोलीले हासिल गरेको जितले खेलाडीको आत्मविश्वास बढाएको महासंघका प्रवक्ता राजु ताम्राकारले जानकारी दिए।

# इरान युद्धको लागत बढ्दै, अमेरिकाको खर्च ४३ अर्ब ६० करोड डलर



एएफपी । इरानसँग जारी युद्धमा अमेरिकी सेनाको खर्च बढेर ४३ अर्ब ६० करोड अमेरिकी डलर पुगेको छ। अमेरिकी सेन्ट्रल कमान्डले अमेरिकी सांसदहरूलाई उपलब्ध गराएको पछिल्लो अनुमानअनुसार सेप्टेम्बर ३ सम्ममा युद्धसम्बन्धी अमेरिकी सैन्य खर्च उक्त रकम पुगेको हो।

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानविरुद्ध सैन्य कारबाही सुरु गरेयता युद्धको आर्थिक भार निरन्तर बढिरहेको छ । पछिल्लो अनुमानले केही सातामै अमेरिकी सैन्य खर्च उल्लेखनीय रूपमा बढेको देखाएको छ।

यसअघि अमेरिकी कंग्रेसनल बजेट कार्यालयले अगस्ट १ सम्ममा इरान युद्धमा ३८ अर्ब अमेरिकी डलर खर्च भइसकेको अनुमान सार्वजनिक गरेको थियो। युद्धको तीव्रता कायम रहेमा हरेक महिना करिब ३ अर्ब अमेरिकी डलर वा त्यसभन्दा बढी खर्च हुन सक्ने पनि कार्यालयले जनाएको थियो।

### हतियारमा मात्रै २८ अर्ब १० करोड डलर खर्च

पछिल्लो विवरणअनुसार अमेरिकी सेनाको कुल खर्चमध्ये सबैभन्दा ठूलो हिस्सा हतियार तथा क्षेप्यास्त्रमा भएको छ। हतियारको खर्च मात्रै २८ अर्ब १० करोड अमेरिकी डलर पुगेको छ।

अगस्ट १ सम्मको अघिल्लो अनुमानमा हतियारका लागि २१ अर्ब ७० करोड डलर खर्च भएको उल्लेख थियो । त्यसको तुलनामा पछिल्लो अनुमानमा हतियारको खर्च ६ अर्ब ४० करोड डलरले बढेको छ।

यसले युद्धका क्रममा अमेरिकी सेनाले महँगा क्षेप्यास्त्र तथा अन्य सैन्य सामग्रीको ठूलो परिमाणमा प्रयोग गरिरहेको देखाउँछ।

### क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीमा दबाब

पछिल्लो विवरणमा अमेरिकी सेनाले सबैभन्दा बढी प्रयोग गरिरहेका हतियारमध्ये प्रतिरक्षात्मक क्षेप्यास्त्र पनि प्रमुख रहेको उल्लेख छ । विशेषगरी शत्रुका क्षेप्यास्त्र रोक्न प्रयोग हुने प्याट्रियट र थाड प्रणालीका क्षेप्यास्त्रको माग बढेको छ।

युद्धका कारण अमेरिकी क्षेप्यास्त्र भण्डारमा समेत दबाब परेको अमेरिकी अधिकारीहरूले बताएका छन्। युरोपमा अमेरिकी तथा उत्तर एट्लान्टिक सन्धि संगठनका अधिकारीहरूले क्षेप्यास्त्र प्रतिरोधी प्रणालीको अभावलाई अत्यन्त गम्भीर अवस्थामा पुगेको बताएका छन्।

साउदी अरबमा पनि यस्ता प्रतिरक्षात्मक क्षेप्यास्त्रको भण्डार घटिरहेको र क्षेत्रीय तथा पश्चिमी सहयोगी राष्ट्रहरूसँग थप सहयोग मागिएको विवरणमा उल्लेख छ।

### युद्ध सञ्चालनमा पनि ठूलो खर्च

अमेरिकी सेनाले सांसदहरूलाई दिएको एक पृष्ठको विवरणमा युद्धका क्रममा प्रयोग भइरहेका युद्धपोत, विमान र सैन्य अखडाको सञ्चालन खर्च पनि समावेश गरिएको ।

त्यसैगरी युद्धका क्रममा क्षतिग्रस्त वा नष्ट भएका सैन्य उपकरणको लागत तथा घाइते सैनिकको उपचारमा लाग्ने खर्चसमेत कुल अनुमानमा समेटिएको छ। तर अमेरिकी सेनाका मध्यपूर्वीस्थित सैन्य अखडामा इरानले गरेको क्षतिको सम्पूर्ण लागत भने पछिल्लो अनुमानमा समावेश गरिएको छैन।

### मध्यपूर्वका अमेरिकी सैन्य अखडामा क्षति

अमेरिकी रक्षा मन्त्रालयका महानिरीक्षकको पछिल्लो प्रतिवेदनअनुसार इरानी क्षेप्यास्त्र तथा ड्रोन आक्रमणबाट मध्यपूर्वका विभिन्न अमेरिकी सैन्य अखडामा सयौं भवन तथा अन्य संरचना क्षतिग्रस्त वा नष्ट भएका छन्।

कुवेत, बहराइन, कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, इराक, ओमान र जोर्डनस्थित अमेरिकी सैन्य संरचनामा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ। यी संरचनामा भएको क्षतिको सम्पूर्ण आर्थिक मूल्य भने ४३ अर्ब ६० करोड डलरको पछिल्लो युद्ध खर्च अनुमानमा समावेश नभएको बताइएको छ।

अमेरिकी रक्षा मन्त्रालयको तथ्यांकअनुसार युद्धका क्रममा हालसम्म १८ अमेरिकी सैनिकको मृत्यु भएको छ भने ८३० भन्दा बढी सैनिक घाइते भएका छन्। यसले युद्धको आर्थिक लागतसँगै मानवीय क्षति पनि उल्लेखनीय रहेको देखाउँछ।

युद्धको खर्च बढ्दै गएपछि अमेरिकी सरकारले सैन्य बजेट र युद्ध सञ्चालनका लागि थप रकमको व्यवस्था गर्नुपर्ने अवस्था आएको छ।

अमेरिकी प्रशासनले ९५ अर्ब अमेरिकी डलरको थप बजेट प्याकेजका लागि संसद्सँग अनुरोध गरेको छ। यसबाट इरान युद्ध तथा अन्य रक्षा प्राथमिकताका लागि खर्च जुटाउने योजना रहेको बताइएको छ।

यसैबीच अमेरिकी प्रशासनले आगामी वर्षका लागि १.५ ट्रिलियन अमेरिकी डलरको सैन्य बजेट प्रस्ताव अघि सारेको छ।

### युद्धको आर्थिक प्रभाव अमेरिकाभन्दा बाहिर पनि

इरान युद्धको प्रभाव अमेरिकी सैन्य खर्चमा मात्र सीमित छैन । युद्धले तेलको मूल्य, अन्तर्राष्ट्रिय बजार तथा क्षेत्रीय व्यापारमा समेत असर पारेको छ। विशेषगरी होर्मुज जलडमरूमध्य तथा लाल सागर हुँदै हुने ऊर्जा र व्यापारिक ढुवानीमा अवरोध उत्पन्न हुँदा विश्वव्यापी अर्थतन्त्रमा थप दबाब पर्न सक्ने अमेरिकी कंग्रेसनल बजेट कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार युद्धका कारण तेल तथा प्राकृतिक ग्यासको ढुवानीमा आएको अवरोधले आगामी वर्षको सुरुआती महिनासम्म अमेरिकी मुद्रास्फीतिमा समेत प्रभाव पार्न सक्ने अनुमान गरिएको छ।

अमेरिकी कंग्रेसनल बजेट कार्यालयले युद्धको तीव्रता कायम रहेमा हरेक महिना करिब ३ अर्ब अमेरिकी डलर वा त्यसभन्दा बढी थप खर्च हुन सक्ने अनुमान गरेको छ। त्यसैले युद्धको अवधि र सैन्य कारबाहीको तीव्रताअनुसार अमेरिकी आर्थिक भार अझ बढ्न सक्ने देखिएको छ।

सेप्टेम्बर ३ सम्मको ४३ अर्ब ६० करोड अमेरिकी डलरको खर्चले फेब्रुअरी २८ मा शुरु भएको सैन्य संघर्षको केही महिनामै अमेरिकी सरकारमाथि परेको ठूलो आर्थिक भारलाई देखाएको छ।

# २०औं एसियाली खेलकुद: महिला भलिबलमा नेपाल विजयी

काठमाण्डु । जापानमा भइरहेको २०औं संस्करणको एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला भलिबलतर्फ नेपालले कीर्गिस्तानलाई पराजित गरेको छ।

नेपालले आइतबार क्लासिफिकेसन खेलमा कीर्गिस्तानविरुद्ध ३-० को सोझो सेटमा जीत निकालेको हो। नेपालले पहिलो सेट २५-२०, दोस्रो सेट २५-१६ तथा तेस्रो सेट २५-२० अङ्कले जितेको हो।

नेपालले यसअघि समूह चरणका दुवै खेलमा पराजय व्यहोरेको थियो। नेपाली टोली समूह चरणमा जापान र इन्डोनेसियासँग ३-० सोझो सेटमा पराजित भएको थियो। रासस



# अन्तरविद्यालय बास्केटबल प्रतियोगिता सोमबारदेखि




काठमाण्डु । यु-१६ अन्तरविद्यालय बास्केटबल प्रतियोगिता सोमबारदेखि काठमाडौँमा सुरु हुने भएको छ।

नेपालमा बास्केटबल खेलको विकास, विस्तार तथा प्रवर्द्धनलाई थप संस्थागत र प्रभावकारी बनाउँदै विद्यालय तथा युवा तहमा रहेका प्रतिभालाई राष्ट्रिय खेलकुदको मूल प्रवाहमा जोड्ने उद्देश्यले नेपाल बास्केटबल सङ्घ, नेपालय इन्टरनेसनल र प्याब्सनको संयुक्त आयोजनामा उक्त प्रतियोगिता गर्न लागिएको हो । त्रिपुरेश्वरसिथत राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा हुने सो प्रतियोगिता यही असोज १३ गतेसम्म सञ्चालन हुने नेपालय इन्टरनेसनलका अध्यक्ष सुभाषचन्द्र प्रधानले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

प्रतियोगितामा देशभरबाट ४० टोलीको सहभागिता रहनेछ । विद्यालय तथा युवा तहमा बास्केटबलप्रति बढ्दो आकर्षण, प्रतिभावान् खेलाडीको पहिचान, विकास र प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उहाँले बताउनुभयो।

प्रतियोगितालाई केवल प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रमका रूपमा मात्र नभई विद्यालय तहबाटै प्रतिभा पहिचान गरी राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने महत्वपूर्ण आधारका रूपमा अघि बढाउने लक्ष्य लिइएको प्याब्सनका उपमहासचिव तथा अतिरिक्त क्रियाकलाप संयोजक भुवनलाल श्रेष्ठले बताउनुभयो।

उहाँले भन्नुभयो, "खेलाडीमा अनुशासन, नेतृत्व क्षमता, टिम भावना, स्वस्थ प्रतिस्पर्धा र खेलकुद संस्कारको विकास गर्दै नेपालको बास्केटबलको दीर्घकालीन विकासमा योगदान पुऱ्याउने उद्देश्य रहेको छ।"

विशेषगरी यु-१६ तहका खेलाडीको प्रतिभा पहिचान तथा छनोटलाई प्रतियोगिताको महत्वपूर्ण उद्देश्यका रूपमा अघि बढाइएको छ । प्रतियोगिताका क्रममा उत्कृष्ट प्रदर्शन गर्ने तथा सम्भावना देखाएका खेलाडीलाई थप प्रशिक्षण, मूल्याङ्कन र विकासको प्रक्रियामा समेट्दै भविष्यमा राष्ट्रिय टोली निर्माण गर्ने आधार तयार गर्ने लक्ष्य लिएको अध्यक्ष प्रधानले बताउनुभयो।

उहाँले भन्नुभयो, "पहिचान तथा विकास गरिएका प्रतिभावान् खेलाडीबाट सक्षम यु-१६ राष्ट्रिय टोली तयार गरी आगामी दक्षिण एसियाली खेलकुदमा नेपालको प्रतिनिधित्व गराउने उद्देश्यलाई विशेष प्राथमिकताका साथ अघि बढाइएको छ।" रासस

# पाकिस्तानमा सुरक्षा कारबाही : पाँच लडाकु मारिए, २३ नागरिकको उद्धार

एएफपी । पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा सुरक्षा बलले सञ्चालन गरेको कारबाहीमा पाँच जना लडाकु मारिएका छन् भने २३ जना अपहरित नागरिकको उद्धार गरिएको पाकिस्तानी सेनाले जनाएको छ । सेनाको सञ्चार तथा जनसम्पर्क शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर) का अनुसार शुक्रबार राति कलात नजिकै पाकिस्तान हाइवे (एन-२५) मा लडाकुहरूले यात्रुहरूलाई अपहरण गरी फिरौती असुल्ने, रकम उठाउने तथा सवारीसाधन कब्जा गर्ने उद्देश्यले अवैध चेकपोस्ट स्थापना गर्न खोजेका थिए।

लडाकुहरूको गतिविधिबारे जानकारी पाएपछि सुरक्षा बलले तत्काल कारबाही अघि बढाएको थियो। त्यस क्रममा भएको गोली हानाहानमा पाँच जना लडाकु मारिएको आईएसपीआरले जनाएको छ।

सुरक्षा बलले त्यसपछि लडाकुहरूको एउटा आश्रयस्थलमा छापा मारेर २३ जना अपहरित नागरिकलाई सकुशल उद्धार गरेको थियो। कारबाहीका क्रममा लडाकुहरूले कब्जामा लिएका भनिएका ६ वटा ट्रक, ३ वटा बस र २ वटा कार समेत बरामद गरिएको सेनाले जनाएको छ।

त्यसैगरी, सुरक्षा बलले ठूलो परिमाणमा हतियार, गोलीगठ्ठा तथा विस्फोटक पदार्थ पनि बरामद गरेको जनाएको छ।

सेनाका अनुसार घटनापछि आसपासका क्षेत्रमा थप लडाकुहरूको खोजी तथा सुरक्षा कारबाही जारी छ । रणनीतिक महत्वको उक्त राष्ट्रिय राजमार्गमा स्थानीय बासिन्दा तथा यात्रुहरूको सुरक्षा सुनिश्चित गर्न र यातायात सञ्चालनलाई सुरक्षित बनाउन सुरक्षा बलले निगरानी तथा खोजी अभियानलाई निरन्तरता दिएको जनाएको छ।

# विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १५३ रुपैयाँ १० पैसा र बिक्रीदर १५३ रुपैयाँ ७० पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १७५ रुपैयाँ ८३ पैसा र बिक्रीदर १७६ रुपैयाँ ५२ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर २०४ रुपैयाँ ६९ पैसा र बिक्रीदर २०५ रुपैयाँ ५० पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १८५ रुपैयाँ ६५ पैसा र बिक्रीदर १८६ रुपैयाँ ३८ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०९ रुपैयाँ ०८ पैसा र बिक्रीदर १०९ रुपैयाँ ५१ पैसा, क्यानेडियन डलर एकको खरिददर १०९ रुपैयाँ ३७ पैसा र बिक्रीदर १०९ रुपैयाँ ८० पैसा, सिङ्गापुर डलर एकको खरिददर ११९ रुपैयाँ ८५ पैसा र बिक्रीदर १२० रुपैयाँ ३२ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ७० पैसा र बिक्रीदर नौ रुपैयाँ ७३ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ८६ पैसा र बिक्रीदर २२ रुपैयाँ ९५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ७६ पैसा र बिक्रीदर ४० रुपैयाँ ९२ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ९९ पैसा र बिक्रीदर ४२ रुपैयाँ १६ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ५९ पैसा र बिक्रीदर चार रुपैयाँ ६१ पैसा, युएई दिराम एकको खरिददर ४१ रुपैयाँ ६९ पैसा र बिक्रीदर ४१ रुपैयाँ ८५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ५२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६७ पैसा, साउथ कोरियन वन १०० को खरिददर ११ रुपैयाँ ०४ पैसा र बिक्रीदर ११ रुपैयाँ ०९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ५९ पैसा र बिक्रीदर १५ रुपैयाँ ६५ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ५२ पैसा र बिक्रीदर २३ रुपैयाँ ६१ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ५१ पैसा र बिक्रीदर १९ रुपैयाँ ५९ पैसा, कुवेती दिनार एकको खरिददर ४९८ रुपैयाँ १३ पैसा र बिक्रीदर ५०० रुपैयाँ ०८ पैसा, बहराइन दिनार एकको खरिददर ४०६ रुपैयाँ ११ पैसा बिक्रीदर ४०७ रुपैयाँ ७० पैसा, ओमनी रियाल एकको खरिददर ३९७ रुपैयाँ ६६ पैसा र बिक्रीदर ३९९ रुपैयाँ २२ पैसा रहेको छ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ। रासस

# रात्रिकालीन बस सेवा सञ्चालन गर्न उपत्यकाका नौ स्थानीय तह तयार

काठमाण्डु । काठमाण्डु उपत्यकामा रात्रिकालीन बस सेवा सञ्चालन गर्न नौ स्थानीय तह एउटै कार्यक्रममा आबद्ध भएका छन् । काठमाण्डु महानगरपालिकाको नेतृत्वमा साझा यातायातसँग सहकार्य गरेर गत वैशाख १ गतेदेखि परीक्षणका रूपमा सञ्चालन गरिएको रात्रिकालीन यातायात सेवालाई विस्तार गरेर अगाडि बढाउन आवश्यकताका आधारमा दायित्व बहन गर्नेगरी स्थानीय तह साझा कार्यक्रममा आबद्ध भएका हुन् ।

रातको समयमा आवतजावत गर्ने सर्वसाधारण, व्यवसायी, उद्यमी, श्रमिक, अस्पताल जाने बिरामी तथा आन्तरिक एवं बाह्य पर्यटकलाई सहज, सुरक्षित र भरपर्दो यातायात सेवा उपलब्ध गराउने यसको उद्देश्यसहित संविधान दिवसको दिन पारेर स्थानीय तहका प्रमुखहरूले साझा यातायातसँग समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको छ।

काठमाडौँ महानगरपालिका र ललितपुर महानगरपालिका तथा बुढानिलकण्ठ नगरपालिका, गोदावरी नगरपालिका, चन्द्रागिरी नगरपालिका, कीर्तिपुर नगरपालिका, भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका र मध्यपुर थिमी नगरपालिकाले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन । साझा यातायातका तर्फबाट अध्यक्ष शुशिलराज प्याकुरेलले हस्ताक्षर गर्नुभएको छ। साझा यातायातको कार्यालयमा आयोजना गरिएको समारोहमा हस्ताक्षर गरिएको हो । त्यसलगत्तै छ वटा रुटका लागि ३० वटा बस सञ्चालन थालिएको थियो ।



समारोहमा काठमाण्डु महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले संविधानले नागरिकका लागि प्रत्याभूत गरेका आधारभूत आवश्यकताको पहुँच बढाउँदै जाने क्रममा रात्रिकालीन बस सेवालाई थप विकास र विस्तार गर्दै लगिएको बताउनुभयो । उहाँले भन्नुभयो, "परीक्षण कालमा अभ्यास गरिएको दुई वटा रुटमा चार वटा थपेका छौँ । सात वडा गाडीलाई ३० वटा पुऱ्याएका छौँ । चार वटा नगरपालिकाको सहकार्यमा नौ वटा पुगेका छौँ । यसलाई अझ विस्तार गर्ने र आवश्यकताका आधारमा आर्थिक दायित्व पनि वहन गर्ने गरी सहकार्य थालेका छौँ । अब यो सेवा रोकिँदैन । निरन्तर र दिगो रूपमा चल्छ ।"

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले भन्नुभयो, "उपत्यकाबासीको यातायात सहजताका लागि सङ्घ सरकारबाट मेट्रो सञ्चालन गर्ने विषयमा योजना ल्याउनुपर्ने थियो । त्यो अहिले आएको देखिएन । मेट्रो नभएपछि बीआरटी (बस र्‍यापिड ट्रान्जिट) हुनुपर्थ्यो । त्यसको पनि केही सङ्केत छैन । सङ्घीय सरकारबाट केही आएन भनेर हामीले चुप लाग्ने अवस्था छैन । यसकारण स्थानीयस्तरमा सञ्चालनमा ल्याउन सकिने प्रणालीमा सहकार्य थालेका छौँ । यसलाई विकास र विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिनेछौँ ।"

सर्वसाधारणले रातको समयमा सुरक्षित आवतजावत गर्ने एउटा भरपर्दो सेवा सुरु भएको बताउँदै उहाँले यो नागरिकसँग जोडिएको ठूलो उपलब्धिका रूपमा रहेको उल्लेख गर्नुभयो ।

साझाका अध्यक्ष प्याकुरेलले भन्नुभयो, "साझाले स्थानीय तहलाई अभिभावक बनाउन पाउनु हाम्रो इतिहासका लागि पनि ठूलो उपलब्धि हो ।" विस्तारित सेवाअन्तर्गत जगाती-सूर्यविनायक हुँदै ठमेलसम्म छ, साबिक लगनखेल-बुढानिलकण्ठलाई विस्तार गरी गोदावरीसम्म छ, रिङरोडमा घडीको दिशामा र विपरीत दिशामा आठ, कीर्तिपुर-जमलमा चार, टाखेल-ठमेलमा दुई तथा साबिक नागढुङ्गा-एयरपोर्ट रुटमा चार वटा बस सञ्चालन गरिनेछ ।

यसअघि लगनखेलबाट बुढानीलकण्ठ तथा नागढुङ्गाबाट एयरपोर्टसम्म राति ८:०० बजेदेखि ११:०० बजेसम्म सात वटा बसमार्फत नमूना सेवा सञ्चालन गरिएको थियो । सेवाको प्रभाव तथा मूल्याङ्कन, लाभलागत विश्लेषणका आधारमा नाफाघाटाभन्दा सेवा ठूलो विषय भएको निष्कर्ष निकालिएको थियो ।

रात्रिकालीन बस सञ्चालनमा लाग्ने खर्च यात्रुबाट प्राप्त हुने टिकट आम्दानीले धान्न नसकेमा त्यसबाट अपुग हुने रकमको ५० प्रतिशत सम्बन्धित सात वटा नगरपालिकाले समान रूपमा ब्यहोर्ने र बाँकी ५० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको जनसङ्ख्याका आधारमा काठमाडौँ महानगरपालिकाले १८ दशमलव ५५ प्रतिशत, ललितपुर महानगरपालिकाले १८ दशमलव ५५ प्रतिशत तथा अन्य सात नगरपालिकाले नौ प्रतिशतका दरले ब्यहोर्ने सहमति गरिएको छ । सेवा सञ्चालन गर्न खर्च नपुग भए साझा यातायातले त्रैमासिक रूपमा माग गर्ने सहमतिमा उल्लेख छ ।

रुटमा यात्रु चढ्ने तथा ओर्लने स्थान सम्बन्धित नगरपालिकाले निर्धारण गर्नेछन् । ती स्थानमा आर्थिक वर्ष २०८३/८४ भित्र डिजिटल साइनेज बोर्ड जडान गरी डिजिटल बस स्टप निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी साझा यातायातलाई दिइएको छ । सम्बन्धित नगरपालिकाले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछन् ।

निर्धारित रुटको अन्तिम बिन्दुमा बस चार्जिङ स्टेसन निर्माणका लागि सम्बन्धित नगरपालिकाले आवश्यक जग्गा उपलब्ध गराउने र साझा यातायातले चार्जिङ स्टेसन जडान गर्ने दायित्व लिनेछ । चार्जिङ स्टेसनको सुरक्षाको जिम्मेवारी सम्बन्धित नगरपालिकाले लिनेछन् ।

सहमतिले यात्रुको चाप र आवश्यकता बढ्दै गएमा भविष्यमा अन्य क्षेत्रमा समेत यस प्रकारको बस सेवा विस्तार गर्ने बाटो खुला गरेको छ। चक्रपथमा यातायात सेवा प्राप्त भएपछि एक ठाउँमा बस परिवर्तन गर्दा सञ्चालन गरेका हरेक ठाउँमा पुग्न सकिनेछ। यसरी यात्रा गर्दा अधिकतम ८० रुपियाँ भाडा लाग्नेछ।

टिकटबाट हुने आर्थिक चुहावट रोक्न साझाले यही असोज १ गतेदेखि डिजिटल टिकेटिङ प्रणाली विकास गरेको छ। यसमा क्यूआरबाट वा क्यास नै दिएर पनि टिकट लिन सकिनेछ । आर्थिक चुवावट रोकिएपछि साझाको घाटा रकम कम हुने अपेक्षा छ। साझा यातायातमा नेपाल सरकारको रु तीन अर्ब, काठमाडौँ महानगरपालिकाको रु १५ करोड शेयर लगानी छ । अहिले साझा यातायातमा १११ वटा बस छन् । रासस

# दुई दशकदेखि रोकिएको धुलिखेल जग्गा विकास आयोजना ब्युँतिँदै

बनेपा । धुलिखेल नगरपालिका-४ स्थित बाँसघारी र छापगाउँमा सञ्चालित धुलिखेल एकीकृत जग्गा विकास आयोजना दुई दशकभन्दा लामो समयदेखि रोकिएपछि पुनः कार्यान्वयनको प्रक्रियामा अघि बढाइएको छ । आयोजना क्षेत्रका निजी, सार्वजनिक तथा गुठीका गरी २७२ दशमलव ५ रोपनी जग्गा २२ वर्षदेखि रोक्का रहँदा ७२ भन्दा बढी परिवार प्रभावित भएका छन् ।



आयोजना क्षेत्रका दुई सय ७० भन्दा बढी कित्ता रोक्का रहेकाले जग्गाधनीले घर निर्माण, कित्ताकाट तथा बैङ्कमा धितो राखेर ऋण लिनेलगायत प्रयोजनमा आफ्नो जग्गा सहज रूपमा उपयोग गर्न पाएका छैनन्। लामो समयदेखि रोक्का रहेको जग्गाको समस्या समाधान हुन नसक्दा प्रभावित परिवारले पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएका छन् ।

तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयअन्तर्गतको सहरी तथा वातावरणीय सुधार आयोजनामार्फत विसं २०६१ मङ्सिरदेखि धुलिखेलमा एकीकृत जग्गा विकास आयोजना अघि बढाइएको थियो। व्यवस्थित सहरीकरणका लागि जग्गा एकीकरण गरी सडक, खानेपानी, ढल, विद्युत् लगायतका पूर्वाधार निर्माण गर्ने र विकसित घडेरीका रूपमा जग्गा व्यवस्थापन गर्ने उद्देश्यले आयोजना सुरु गरिएको थियो ।

सरकारले २०६३ असोज ३० गते राजपत्रमा सूचना प्रकाशित गरी आयोजना कार्यान्वयनको प्रक्रिया अघि बढाएपछि आयोजना क्षेत्रको जग्गा रोक्का गरिएको थियो । स्थानीय जग्गाधनीबीच सहमति र असहमति देखिएपछि आयोजना कार्यान्वयनमा ढिलाइ भएको हो । प्रभावित स्थानीयका अनुसार ७२ घरपरिवारमध्ये ४९ परिवारले आयोजनाप्रति असहमति जनाएका थिए । यस विषयमा स्थानीयस्तरमा राजनीतिक दलबीच मतभेद भएको थियो ।

आयोजना अघि बढाउने र जग्गा फुकुवा गर्ने विषयमा विवाद बढ्दै गएपछि जग्गाधनीको तर्फबाट अदालतमा रिटसमेत परेको थियो । त्यसपछि आयोजना कार्यान्वयन प्रक्रिया थप लम्बिएको स्थानीयको भनाइ छ ।

विसं २०७२ को भूकम्पपछि घरबास प्रभावित भएका कतिपय परिवारले आफ्नै नाममा जग्गा भए पनि नयाँ घर निर्माण गर्न समस्या भएको बताएका छन् । धुलिखेल-४ बाँसघारीका विक्रम राणा, मैना थापा मगर र केशव खुलाल तथा छापगाउँकी सुष्मी कार्कीलगायतले लामो समयदेखि जग्गा रोक्का रहँदा व्यक्तिगत तथा पारिवारिक आवश्यकता पूरा गर्न कठिनाइ भएको बताएका छन् ।

आयोजनालाई निकास दिन गठित १४ सदस्यीय उपभोक्ता समितिका उपाध्यक्ष केशव खुलालले लामो समयसम्म जग्गा रोक्का रहँदा स्थानीय समस्यामा परेको बताउनुभयो । उहाँले आयोजना सम्पन्न गरी विकसित घडेरी हस्तान्तरण गर्ने वा कानुनी प्रक्रिया पूरा गरी जग्गा फुकुवा गर्ने गरी स्पष्ट निर्णय हुनुपर्ने बताउनुभयो ।

"आफ्नै नाममा जग्गा भए पनि आवश्यक परेको समयमा त्यसको उपयोग गर्न सकिएको छैन । अब आयोजना सम्पन्न गर्ने वा जग्गा फुकुवा गर्ने विषयमा स्पष्ट निकास आउनुपर्छ," उहाँले भन्नुभयो ।

आयोजना लामो समय अलपत्र पर्नुमा प्रशासनिक, कानुनी तथा वित्तीय जटिलता पनि जोडिएका छन्। सहरी विकास तथा भवन निर्माण विभागले विसं २०८२ जेठ २० गते धुलिखेल नगरपालिकालाई पत्राचार गर्दै विसं २०६५ कात्तिक ११ गतेको सम्झौताअनुसार उपलब्ध गराइएको रु. ५० लाख साँवा र रु. १८ लाख ९६ हजार आठ सय १० ब्याजसहितको रकम फिर्ता गर्न माग गरेको थियो ।

आयोजनासम्बन्धी अभिलेखअनुसार जग्गा धुलिखेल एकीकृत जग्गा विकास आयोजनाका नाममा रोक्का छ । नगरपालिकाको पहलमा श्रेस्ता एकीकरणको काम अघि बढे पनि कित्ता एकीकरण पूर्णरूपमा सम्पन्न हुन सकेको छैन । बैङ्क तथा अदालतबाट रोक्का रहेका केही कित्ताका कारण कानुनी जटिलता पनि कायम रहेको नगरपालिकासँग सम्बन्धित अभिलेखमा उल्लेख छ।

आयोजनालाई अघि बढाउने प्रयासस्वरूप धुलिखेल नगरपालिकाको विसं २०८० भदौ २६ गते बसेको कार्यपालिका बैठकले बैंक, वित्तीय संस्था तथा अदालतबाट रोक्का रहेका जग्गासमेत फुकुवा गराई आयोजनाका नाममा एकमुष्ट श्रेस्ता कायम गरी पठाउन मालपोत कार्यालय काभ्रेलाई पत्राचार गर्ने निर्णय गरेको थियो । तर आयोजना सङ्घीय सरकारको सहरी विकास मन्त्रालय तथा मातहतका निकायसँग समेत सम्बन्धित रहेकाले स्थानीय तहबाट मात्र सम्पूर्ण प्रक्रिया टुंग्याउन कठिनाइ भएको थियो । लामो समयदेखि रोकिएको आयोजनालाई अघि बढाउन विसं २०८३ वैशाख २२ गते धुलिखेल नगरपालिकाका कार्यवाहक नगर प्रमुख निराजन जङ्गमको अध्यक्षतामा नगर विकास समिति पुनर्गठन गरिएको थियो। त्यसपछि स्थानीय जग्गाधनी, वडा कार्यालय, मालपोत कार्यालय तथा सङ्घीय सरकारका सम्बन्धित निकायसँग समन्वय गरी आयोजना टुङ्गोमा पुर्याउने प्रक्रिया अघि बढाइएको नगरपालिकाले जनाएको छ ।

> "आयोजनाका धेरै प्रशासनिक र कानुनी पक्ष अघि बढिसकेका छन् । अब भौतिक पूर्वाधार निर्माणमा केन्द्रित भएर काम अघि बढाउनुपर्ने अवस्था छ,"

कार्यवाहक नगर प्रमुख जङ्गमले लामो समयदेखि रोकिएको आयोजना कार्यान्वयन गरी प्रभावित नागरिकको समस्या समाधान गर्नु नगरपालिकाको प्राथमिकतामा रहेको बताउनुभएको छ । विगतका प्रशासनिक तथा कानुनी जटिलता समाधान गर्दै आयोजनास्थलमै पूर्वाधार निर्माणको काम अघि बढाउने तयारी भइरहेको उहाँको भनाइ छ।

आयोजनालाई कार्यान्वयनको चरणमा लैजान विसं २०८३ भदौ २६ गते नगरपालिकामा कार्यवाहक नगर प्रमुख जङ्गम, प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनी तथा नवगठित उपभोक्ता समितिका पदाधिकारीबीच बैठक भएको थियो। बैठकले स्थानीयस्तरबाट आयोजना कार्यान्वयनमा सहजीकरण गर्न रत्नबहादुर कार्कीको संयोजकत्व र केशव खुलालको उपाध्यक्षतामा १४ सदस्यीय उपभोक्ता समिति गठन गरेको थियो ।

उपभोक्ता समितिको प्रारम्भिक बैठकका निर्णय अनुमोदन गर्दै आयोजनाको काम अघि बढाउन आवश्यक प्रशासनिक जनशक्ति व्यवस्थापन गर्ने र आयोजनास्थलमै छुट्टै आयोजना कार्यालय स्थापना गर्ने निर्णयसमेत गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनीका अनुसार आयोजनाका कानुनी तथा प्रशासनिक पक्ष टुङ्गोमा पुर्याउँदै अब भौतिक पूर्वाधार निर्माणको काम अघि बढाउने तयारी गरिएको छ। सडक सञ्जाल, विद्युत् विस्तार, ढल निकास तथा खानेपानीलगायतका पूर्वाधार निर्माणपछि नापी तथा मालपोतसम्बन्धी प्रक्रिया पूरा गरी विकसित घडेरी सम्बन्धित जग्गाधनीलाई हस्तान्तरण गर्ने योजना छ।

"आयोजनाका धेरै प्रशासनिक र कानुनी पक्ष अघि बढिसकेका छन् । अब भौतिक पूर्वाधार निर्माणमा केन्द्रित भएर काम अघि बढाउनुपर्ने अवस्था छ," उहाँले भन्नुभयो ।

नगरपालिकाका अनुसार आयोजनालाई आगामी नीति तथा कार्यक्रममा बजेटसहित समेटेर कार्यान्वयन अघि बढाउने तयारी छ । आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्ति व्यवस्थापन गरी छुट्टै आयोजना कार्यालयमार्फत कामलाई व्यवस्थित गर्ने तयारी छ। रासस

# विकास-निर्माणका कामलाई तीव्र गतिमा कार्यान्वयन गर्दै व्यास नगरपालिका

दमौली । व्यास नगरपालिकाले गत आर्थिक वर्षमा सडक, ढल, नदी नियन्त्रण, सिँचाइ, शिक्षा तथा सार्वजनिक पूर्वाधार निर्माणमा प्रगति गरेको छ ।



नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार गत आर्थिक वर्षमा नगर क्षेत्रमा ६ दशमलव ४६ किलोमिटर नयाँ सडक 'ट्र्याक' खोलिएको छ ।

नगरपालिकाले सो अवधिमा ३ दशमलव ३९ किलोमिटर सडक कालोपत्र तथा ढलान गरेको छ भने ६ दशमलव ८८ किलोमिटर सडक ग्राभेल गरेको छ । सडक पूर्वाधारसँगै नगरपालिकाले सहरी व्यवस्थापन र सार्वजनिक संरचना निर्माणलाई प्राथमिकता दिएको प्रमुख प्रशासकीय अधिकृत लम्सालले बताउनुभयो ।

आर्थिक वर्ष २०८२/८३ मा नगर क्षेत्रमा ११ दशमलव ३६ किलोमिटर ढल निर्माण गरिएको छ । साथै कृषि उत्पादनमा नौ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गरिएको छ ।

नगरपालिकाले सार्वजनिक तथा सामुदायिक पूर्वाधार निर्माणतर्फ पनि काम अघि बढाएको छ। गत आर्थिक वर्षमा तीन वटा पार्क निर्माण गरिएको छ भने १५ वटा नयाँ विद्यालय भवन निर्माण भएका छन् । स्थानीयस्तरमा सामाजिक तथा सामुदायिक गतिविधिका लागि आवश्यक छ वटा सामुदायिक भवन निर्माण भएका छन् ।

व्यास नगरपालिकामा हालसम्म सडक पूर्वाधारको विकासमा उल्लेख्य विस्तार भएको छ । हालसम्म एक सय ५८ दशमलव ६९ किलोमिटर सडक कालोपत्र तथा ढलान भइसकेको छ भने ३५ दशमलव ०९ किलोमिटर सडक ग्राभेल गरिएको छ ।

नगरका विभिन्न बस्ती तथा ग्रामीण क्षेत्रलाई सडक सञ्जालसँग जोड्ने क्रममा हालसम्म ७२५ दशमलव ६७ किलोमिटर नयाँ सडक 'ट्र्याक' खोलिएको छ । हालसम्म व्यास नगरपालिकाभित्र २२ वटा मोटरेबल पुल र १५ वटा झोलुङ्गे पुल निर्माण भएका छन् ।

त्यसैगरी, हालसम्म नगर क्षेत्रमा ११८ दशमलव ९५ किलोमिटर ढल निर्माण भइसकेको प्रमुख प्रशासकीय अधिकृत लम्सालले बताउनुभयो। बाढी तथा नदी कटानबाट बस्ती र खेतीयोग्य जमिन जोगाउन हालसम्म पाँच दशमलव १७ किलोमिटर नदी नियन्त्रणको काम सम्पन्न भएको छ ।

कृषि क्षेत्रमा सिँचाइ सुविधा विस्तारका लागि पनि नगरपालिकाले लगानी गर्दै आएको छ । हालसम्म २४ दशमलव ०७ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गरिएको नगरपालिकाले जनाएको छ। गत आर्थिक वर्षमा मात्रै थप नौ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको हो।

व्यास नगरपालिकाले खुला तथा मनोरञ्जनात्मक क्षेत्र विकासलाई समेत आफ्नो पूर्वाधार योजनामा समेटेको छ । हालसम्म नगर क्षेत्रमा १९ वटा पार्क निर्माण भएका छन् । रासस

# सडक किनारमा नगरपालिकाको बेसार खेती



धनकुटा । स्थानीय किसान तथा सामुदायिक वन समूहलाई उत्पादनमूलक कृषिमा प्रोत्साहन गर्ने उद्देश्यले धनकुटा नगरपालिकाले सडक किनारका खाली जग्गामा बेसार खेती थालेको छ ।

बेसार खेतीसँगै सडक क्षेत्रलाई हरियाली, स्वच्छ र आकर्षक बनाउने लक्ष्यअनुरुप कोशी राजमार्गअन्तर्गत नगरपालिकाको सरस्वती चोक-सल्लेरी खण्डमा बेसार खेती गरिएको छ ।

नगरभित्रका विभिन्न भित्री सडक किनारमा पनि बेसार रोपिएको नगरपालिकाको वातावरण शाखा प्रमुख उपेन्द्र खनालले राससलाई जानकारी दिनुभयो। हालसम्म सात रोपनीमा बेसार खेती गरिएको उहाँले बताउनुभयो।

बाँदर आतङ्कबाट किसान प्रभावित किसान पनि बेसार खेतीतर्फ नै आकर्षित भएका छन् । बेसार खेतीका लागि नगरपालिकाले गत आर्थिक वर्षमा प्रतिकिलो रु १०० का दरले १०० किलो बेसारको बीउ खरिद गरेको थियो । उत्पादन भएको बेसारको बीउ खेती विस्तार गर्न चाहने किसान, कृषक समूह तथा सामुदायिक वन समूहलाई वितरण गरिने उहाँले जानकारी दिनुभयो। रासस

# रौतहटका १२ पालिकाको खाता अझै सञ्चालन हुन सकेन

टुडे समाचारदाता




रौतहट । दसैं-तिहार नजिकिँदै जाँदा रौतहटका अधिकांश स्थानीय तहको खाता सञ्चालन हुन नसक्दा आर्थिक कारोबार प्रभावित हुने भएको छ ।

गत आर्थिक वर्षको खर्च तथा अनुदानको हिसाब मिलान हुन नसकेपछि जिल्लाका १२ स्थानीय तहको खाता सञ्चालन र चालु आर्थिक वर्षको पहिलो किस्ता निकासा रोकिएको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) ले जनाएको छ ।

कोलेनिकाका अनुसार स्थानीय तहले स्रोतगत रूपमा खर्च व्यवस्थापन नगरेको, खर्च हुन नसकेको रकम समयमै फिर्ता नगरेको तथा अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण मिलान हुन बाँकी रहेकाले चालु आर्थिक वर्षको निकासा प्रक्रियामा समस्या देखिएको हो ।

रौतहटका गौर, देवाही गोनाही, कटहरिया, बौधिमाई, गुजरा र वृन्दावन गरी छ स्थानीय तहको आवश्यक हिसाब मिलान भइसकेकाले रकम निकासा भइसकेको स्रोतले जनाएको छ । बाँकी १२ स्थानीय तहको भने हिसाब मिलान पूरा नभएकाले खाता सञ्चालन हुन नसकेको बताइएको छ ।

खाता सञ्चालन नहुँदा स्थानीय तहको दैनिक आर्थिक कारोबारदेखि कर्मचारी, निर्माण व्यवसायी तथा सेवा प्रदायकलाई गरिने भुक्तानीसम्म प्रभावित हुन सक्ने देखिएको छ। दसैं-तिहार जस्ता ठूला चाडपर्व नजिकिँदै गर्दा स्थानीय तहको वित्तीय कारोबार रोकिँदा त्यसको प्रत्यक्ष असर सेवा प्रवाहमा समेत पर्न सक्ने चिन्ता बढेको छ ।

रौतहटको गढीमाई नगरपालिकामा गत आर्थिक वर्ष प्राप्त भएको सशर्त अनुदानमध्ये खर्च हुन नसकेको भनिएको करिब चार करोड रुपैयाँको व्यवस्थापनलाई लिएर प्रश्न उठेको छ । सशर्त अनुदान तोकिएको कार्यक्रम र प्रयोजनमा मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ। खर्च हुन नसकेको रकमसमेत सम्बन्धित तहले फिर्ता गर्नुपर्ने वित्तीय प्रावधान छ ।

अर्थ मन्त्रालयका अनुसार सशर्त, समपूरक तथा विशेष अनुदान आर्थिक वर्षभित्र खर्च नभई बचत भए सम्बन्धित स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने हुन्छ। त्यस्तो रकम फिर्ता नभए अर्को वर्षको वित्तीय समानीकरण अनुदानबाट समायोजन गर्न सकिने व्यवस्था छ।

रौतहटका केही स्थानीय तहले खर्च हुन नसकेको सशर्त अनुदान फिर्ता गरिसकेको अवस्थामा गढीमाई र गरुडा नगरपालिकाले त्यस्तो रकम फिर्ता नगरेको विषयले थप प्रश्न उठाएको छ । गरुडा नगरपालिकामा समेत गत आर्थिक वर्ष सशर्त अनुदानतर्फ करिब ६ करोड रुपैयाँ खर्च हुन नसकेको स्रोतको दाबी छ।

खर्च हुन नसकेको रकम सरकारी खातामा फिर्ता गर्नुपर्ने प्रावधान रहे पनि उक्त रकम फिर्ता नगरी नगरपालिकाको खाता सञ्चालन तथा निकासा गरिएको आरोप स्रोतले लगाएको छ ।

यद्यपि रकम वास्तवमै कुन शीर्षकमा खर्च देखाइएको हो, कति रकम खर्च भयो र कति फिर्ता गर्नुपर्ने थियो भन्ने विषयमा आधिकारिक वित्तीय विवरण सार्वजनिक नभएकाले आरोपलाई वित्तीय परीक्षणबाट पुष्टि गर्नुपर्ने देखिन्छ ।

गरुडा नगरपालिकामा कार्यरत लेखापाल कुमार ठाकुरको सरुवा पनि विवादमा परेको छ । ठाकुरलाई मधेस प्रदेश सरकार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सरुवा गरिएको हो । स्थानीय तहमा कार्यरत कर्मचारीको सरुवा तथा काजसम्बन्धी प्रक्रियामा सम्बन्धित कार्यालयबीचको समन्वय र सहमतिको विषयलाई लिएर प्रश्न उठिरहेका बेला भएको सरुवाले प्रशासनिक प्रक्रियामाथि थप चासो बढाएको छ।

स्थानीय तहमा कार्यरत कर्मचारीको सरुवाको कानुनी आधार, सम्बन्धित निकायको अधिकार क्षेत्र तथा आवश्यक सहमतिको अवस्था स्पष्ट हुनुपर्ने भएकाले यसबारे पनि आधिकारिक स्पष्टीकरण आवश्यक देखिएको छ।

## कर्मचारी घुमाउने मधेश सरकारको नयाँ नीति

# तीन दिनकै घुमाईमा बिल भरपाई बिनै महिनाभर तलब दिइने व्यवस्था

**कर्मचारीले तोकिएका पर्यटकीय स्थलको भ्रमण गरेको प्रमाणसहित प्रतिवेदन बुझाए पुग्नेछ, तर होटल, यातायात, खाना वा अन्य शीर्षकमा कति रकम खर्च भयो भन्ने हिसाब बुझाउनुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छैन ।**

सुभाष कर्ण




जनकपुरधाम । मधेश प्रदेश सरकारले आफ्ना कर्मचारीलाई देशका पर्यटकीय गन्तव्य घुमाउन प्रोत्साहन गर्ने उद्देश्यले भ्रमणको नयाँ मोडल आन्तरिक पर्यटन काजको निती ल्याएको छ।

सरकारले ल्याएको निती अनुसार प्रदेश सरकारका निजामती कर्मचारीले वर्षमा एकपटक आन्तरिक पर्यटन काज लिएर नेपालका विभिन्न पर्यटकीय स्थलको भ्रमण गर्न पाउने भएका छन् ।

रोचक पक्ष के छ भने यस्तो भ्रमणका लागि कर्मचारीले आफ्नो सुरु तलब स्केल बराबरको रकम बिना बिल भरपाईकै पाउनेछन् । भ्रमणमा वास्तवमै कति खर्च भयो भन्ने विवरणसहित होटल, यातायात, खाना लगायतका बिल-भरपाई भने बुझाउनुपर्ने छैन।

प्रदेश सरकारका निजामति कर्मचारीले एक आर्थिक वर्षमा एकपटक ३ देखि ७ दिनसम्म आन्तरिक पर्यटन काज लिन पाउनेछन् भने त्यसबापत उनीहरूले बिना बिल भरपाईकै एक महिनाको तलब बराबरको रकम पाउनेछ । झ रोचक कुरा त के छ भने भ्रमणमा जाने कर्मचारीले खर्च हिसाब पनि बुझाउनु पर्दैन ।

प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले जारी गरेको 'मधेश प्रदेशस्तरीय निकायका निजामती कर्मचारीहरुको आन्तरिक पर्यटन काज सम्बन्धी कार्यविधि, २०८३' मा यस्तो सुविधा दिएको हो । सो कार्यविधि भदौ ३१ गते प्रदेश राजपत्रमा प्रकाशित भएको छ।

कार्यविधि अनुसार मधेश प्रदेशका निकायमा कम्तीमा १०० दिन रुजु हाजिर भएका कर्मचारीले यस्तो पर्यटन काजमा भाग लिन पाउनेछ । तर आफू कार्यरत जिल्ला, प्रदेशको राजधानी तथा आफ्नो स्थायी बसोबास भएको जिल्ला बाहेक नेपालका कम्तीमा दुई जिल्लाका तीन पर्यटकीय स्थलको भ्रमण गर्नुपर्नेछ।

कार्यविधिले भ्रमण सम्पन्न भएको सात दिनभित्र प्रतिवेदन बुझाउन भने अनिवार्य गरेको छ। प्रतिवेदनमा भ्रमण गरेका पर्यटकीय स्थलको विवरण र स्थल पहिचान हुने तस्वीर समावेश गर्नुपर्नेछ । तर भ्रमणमा लागेको खर्चको विवरण भने पेश गर्नुपर्ने छैन ।

अर्थात् कर्मचारीले तोकिएका पर्यटकीय स्थलको भ्रमण गरेको प्रमाणसहित प्रतिवेदन बुझाए पुग्नेछ, तर होटल, यातायात, खाना वा अन्य शीर्षकमा कति रकम खर्च भयो भन्ने हिसाब बुझाउनुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छैन ।

कार्यालयको नियमित काम प्रभावित नहोस् भनेर एकपटकमा कार्यालयमा कार्यरत कुल निजामती कर्मचारीमध्ये बढीमा २० प्रतिशतलाई मात्र पर्यटन काज स्वीकृत गर्नुपर्ने व्यवस्था गरिएको छ । तर सो भ्रमण वापत अन्य दैनिक भ्रमण भत्ता तथा अन्य खर्च दाबी गर्न पाउने छैनन् ।

सरकारले यो व्यवस्थालाई केवल कर्मचारीलाई घुमाउने सुविधाका रूपमा मात्र नभई आन्तरिक पर्यटन प्रवर्द्धनसँग जोड्ने प्रयास रहेको दाबी गरेको छ । कार्यविधिले कर्मचारीलाई भ्रमणका क्रममा स्थानीय उत्पादन, स्थानीय संस्कृति तथा सम्पदाको उपयोग गर्न र स्थानीय होटल तथा होमस्टेलाई सहयोग पुऱ्याउन भनेको छ।

मधेश सरकारले यसअघि लागू गरेको २०८० को आन्तरिक पर्यटन कार्यविधि खारेज गर्दै नयाँ कार्यविधि ल्याएको हो । यी नयाँ व्यवस्थाले कर्मचारीलाई पर्यटन प्रवर्द्धनसँग जोड्ने उद्देश्य भएपनि सरकारी रकमको दुरुपयोग हुन सक्ने खतरा बढाएको छ।

यसअघि गृह मन्त्रालयले सुराकी राख्ने पाउने गरेको व्यवस्थाको नाममा गृहमन्त्रीहरुले सो व्यवस्थाको दुरुपयोग गर्दै करोडौ रुपैया झ्वाम पारेको थियो । ती व्यवस्थामा महालेखापरिक्षकले पटक पटक प्रश्न उठाउँदै आएको छ।

कानूनी प्रक्रियाको नाउँमा करोडौ रुपैया खर्च गरेको राखे पनि सरकारी रकमको उपयोगमा खर्चको वास्तविक विवरण नचाहिने प्रावधानले पारदर्शिता र अनुगमनको विषय भने उठाएको छ। कार्यविधिमा भ्रमण भएको प्रमाणका रूपमा तस्वीर र प्रतिवेदन मागिएको भए पनि खर्चको बिल वा खर्च विवरण पेश गर्नुपर्ने व्यवस्था नगरिएको आर्थिक पारदर्शितामा प्रश्न खडा गरेको छ।

## विकास निर्माणका धेरै काम भएको सभामुखको दाबी



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका सभामुख रामाशिष यादवले बजेटको विनियोजन सामाजिक, आर्थिक तथा पर्यावरणलाई केन्द्रमा राखेर गर्नुपर्ने बताएका छन् ।

जनकपुरधाममा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले बजेटको व्यवस्थापन तथा यसको कार्यान्वयन पर्यावरणलाई ध्यानमा राखेर नगरिए पर्यावरणमा नकारात्मक असर पर्ने र सामाजिक तथा आर्थिक क्षेत्रमा ठूलो हानि हुने खतरा रहेको भोटेकोशी बाढीले पुष्टि गरेको भने ।

सभामुख यादवले प्रदेश तथा स्थानीय तहमा सङ्घको कूल बजेटको ३० प्रतिशत बजेटले मात्र आउने गरेको र सोही बजेटबाट नै जनताको आधारभूत आवश्यकताको रुपमा रहेको साना तथा मझौला विकास निर्माणका धेरै कामकाज भएको दाबी गरे ।

संघबाट प्रदेशमा आएको कूल बजेटको १५ प्रतिशत मध्येका विकास बजेटको खर्च प्रदेशहरूमा न्यूनतममा ६६ देखि ८० प्रतिशतसम्म भएको महालेखाको प्रतिवेदनले औँल्याएको बताउँदै मुलुकमा विकासको लहर ल्याउनका लागि प्रदेशको बजेट अझै न्यायोचित रुपमा विनियोजन हुनु पर्ने धारणा सभामुख यादवले समेत राखे ।

मधेश प्रदेशका नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. सोहन साहले प्रदेशको बजेटले पार्ने प्रभावलाई अझ परिणाममुखी बनाउनका लागि एक योजनाको विकास बजेट १ करोड भन्दा कम हुन नहुने धारणा राखे । सो कार्यक्रममा मधेश प्रदेशका नीति तथा योजना आयोगका सदस्य नवल यादवले पनि आफ्ना धारणा राखेका थिए ।

# रास्वपाको मधेश विवाद बारे बुझाइयो प्रतिवेदन

टुडे समाचारदाता




जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को मधेशमा देखिएको विवादबारे छानबिन गर्न गठन भएको अडिट टिमले आफ्नो संक्षिप्त प्रतिवेदन बुझाएको छ ।

सहमहामन्त्री हरि ढकाल नेतृत्वको अडिट टिमले आइतबारको सचिवालय बैठकमा छानबिन प्रतिवेदन बुझाएको प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।

'मधेश प्रदेशमा अधिवेशन गर्नुपर्ने भएको छ। मधेश प्रदेशमा हाम्रा आन्तरिक समस्याहरू भएको कारणले गर्दा सहमहामन्त्री हरि ढकालको नेतृत्वमा त्यहाँ छानबिन गर्ने अडिट टिम गएको थियो। उहाँहरूले आफ्नो प्रतिवेदन बुझाउनुभएको छ,' बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै प्रवक्ता खरेलले भने ।

छानबिनको विस्तृत प्रतिवेदन भने अर्को बैठकमा प्रस्तुत हुने उनले जानकारी दिए। उनले भने, 'विस्तृत प्रतिवेदन भने अर्को बैठकमा तयार पारेर बुझाउने भनिएको छ।'

रास्वपाको प्रथम महाधिवेशन गत असार दोस्रो साता चितवनमा सम्पन्न भएको थियो । तर मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा बाहेकका अन्य सात वटा जिल्लामा अझैसम्म अधिवेशन हुन सकेको छैन । यही सन्दर्भमा छानबिन गर्न भदौ ५ गते बसेको रास्वपाको केन्द्रीय समिति बैठकले पार्टीका सहमहामन्त्री ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको थियो । समितिको सदस्यमा नेताहरू सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल थिए । उक्त समितिले सम्बन्धित जिल्लामा भ्रमण गरेर छानबिन गरेर फर्किएको थियो ।

### समितिमा १० सदस्य थपियो

यसैबीच रास्वपाको केन्द्रीय अनुशासन समितिमा १० सदस्य थपिएका छन् । रास्वपाको आइतबारको सचिवालय बैठकले अनुशासन समितिमा सदस्य थप गर्ने निर्णय गरेको हो ।

रास्वपाको महाधिवेशनपछिको पहिलो केन्द्रीय समिति बैठकले लेखनाथ पौडेललाई संयोजक तोकेको थियो । उक्त बैठकले बाँकी सदस्य थप्ने अधिकार सभापति लामिछानेलाई दिएको थियो । आइतबारको सचिवालय बैठकमा सभापति लामिछानेले थप सदस्यको नाम प्रस्ताव गरेपछि सर्वसम्मतिले स्वीकृत भएको हो ।

आयोगमा अधिवक्ताहरू हरिचन्द्र भट्टराई, सुशीला सिंखडा, शान्ता थापा, नन्दन तिमिल्सिना, रोहन बोहजू, भविन्द्र राई, सन्तोष आचार्य, सन्तोष बिसुङ्के र श्वेता कुमारी छन् भने अधिवक्ता बाहेकबाट रामचन्द्र कार्की रहेको छ ।

# आगलागीमा शिक्षकको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकको रामानन्द चोकस्थित एक घरमा अचानक आगलागी हुँदा एक पूर्व शिक्षकको जलेर मृत्यु भएको छ ।

मृत्यु हुनेमा महोत्तरीको लोहारपट्टी नगरपालिका-२ का ७० वर्षीय किशोरी सहनी रहेको प्रहरीले जनाएको छ। सहनी घरभित्र रहेका बेला अचानक आगलागी भएको बताइएको छ । आगलागीका क्रममा सहनीसँगै रहेकी उनकी नातिनी भने घरबाट बाहिर निस्केर ज्यान जोगाउन सफल भएकी छन् । आगलागीबाट घरमा समेत क्षति पुगेको छ ।

घटनाको सूचना पाएलगत्तै प्रहरी तथा दमकल टोली घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिएको थियो । आगलागीको कारण भने अहिलेसम्म खुल्न सकेको छैन ।

**विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसंग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८